भेरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खलंगा, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

# सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना

**(Sustainable WASH for All- SUSWA)**

## आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक प्रगति प्रतिवेदन

२०८२ साउन १५ गते



भेरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलंगा, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना

(Sustainable WASH for All- SUSWA)

वास इकाई, भेरी नगरपालिका

जाजरकोट

भेरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७२

दल बहादुर घर्ती

नि. प्रमुख प्रशासकीय अधिकृत

# बिषयसूची

**बिषयबस्तु** **पेज नं.**


१. आर्थिक वर्षको प्रगतिको सारांश ........ १

१.१ आर्थिक प्रगति सारांश ........ १

१.२ भौतिक प्रगति सारांश ........ २

२. पृष्ठभूमि ........ ४

३. नीति तर्जुमा ........ ५

४. लक्ष्य बमोजिम उपलब्धी ........ ९

४.१ खानेपानी तथा सरसफाइका भौतिक संरचना निर्माणको उपलब्धि: ........ ९

४.२ पूर्ण सरसफाइ अवस्थाको उपलब्धि: ........ १२

४.३ क्षमता बिकास: ........ १२

५. अनुगमन तथा प्रतिबेदन ........ १६

६. सहकार्य ........ १६

७. आयोजना संचालन गर्दा आइपरेका समस्याहरू र समाधानका प्रयासहरू ........ १७

८. निष्कर्ष ........ १९

९. अनुसूचीहरू ........ १९

९.१ अनुसूची १: संचालित योजनाहरू र खर्चको विवरण ........ १९

९.२ अनुसूची २: सफलताका कथाहरू ........ २०

९.३ अनुसूची ३: भिजिबिलिटी ........ २६

९.४ अनुसूची ४: जनशक्ति विवरण ........ २६

१०. झलकहरू (फोटो र गतिबिधि दृश्यहरू) ........ २७

## १. आर्थिक वर्षको प्रगतिको सारांश

आर्थिक वर्ष २०८१/०८२ मा भेरी नगरपालिकाले सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजना अन्तर्गत वास सँग सम्वन्धित बिभिन्न कार्यविधि निर्माणदेखि भौतिक पूर्वाधार, क्षमता विकास, व्यवहार परिवर्तन तथा समावेशी सहभागिता सुनिश्चित गर्ने विविध कार्यक्रमहरू सञ्चालन गऱ्यो ।

यस अवधिमा खानेपानी योजनाहरूको नयाँ संरचनाहरू निर्माण गरिए । विद्यालयहरूमा प्रयोगकर्तामैत्री शौचालय र हात धुने संरचनाहरू स्थापना गरियो । उपभोक्ता समिति, शिक्षक, सहजकर्ता लगायतका सरोकारवालालाई योजना व्यवस्थापन, आर्थिक ब्यवस्थापन, मर्यादित महिनावारी ब्यवस्थापन, समुदाय/बिद्यालय सरसफाइ ब्यवस्थापन सम्बन्धी अभिमूखिकरण तालिमहरू प्रदान गरियो । साथै STAR मूल्यांकन प्रणालीमार्फत विद्यालय स्वच्छता सुधारमा पनि काम गरियो । समुदायमा सरसफाइ सम्बन्धी चेतना अभिवृद्धि गर्न BCC सामग्री, सडक नाटक, अन्तरक्रिया तथा रेडियो कार्यक्रमहरू सञ्चालन गरियो । आमा समूह, किशोरी समूह, बाल क्लब, धार्मिक अगुवा, पूर्ण सरसफाइ कार्यदल लगायत विभिन्न सामाजिक समूहहरूको सक्रिय सहभागिता सुनिश्चित गरियो ।

कार्यक्रममा महिलाहरू, दलित, अपांगता भएका तथा सिमान्तकृत समुदायहरूको समावेशी सहभागिता प्रोत्साहित गरियो । साथै, अनुगमन र सामाजिक लेखापरीक्षण मार्फत कार्यक्रमको प्रभाव मूल्यांकन गर्दै सिकाइहरू अभिलेख गरियो । यसरी, SUSWA आयोजनाले सेवा प्रवाहसँगै समग्र नगरको सामाजिक रूपान्तरण र दिगोपनाको दिशामा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

## १.१ आर्थिक प्रगति सारांश

<table>
<tr><td>स्थानीय तहको नाम:</td><td colspan="5">भेरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जाजरकोट</td></tr>
<tr><td>आयोजनाको नाम:</td><td colspan="5">सबैको लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना</td></tr>
<tr><td>प्रतिवेदनको समयावधि:</td><td colspan="5">१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ (16 July 2024 to 16 July 2025)</td></tr>
<tr><td colspan="6">आर्थिक वर्ष २०८१/०८२ को बजेट खर्चको सारसंक्षेप</td></tr>
<tr><td rowspan="4">परियोजनाको लागि यस आ.व. को चालु र पुँजीगतको कुल बजेट र खर्चको अवस्था (नेपाल सरकार, फिनल्याण्ड सरकार/युरोपियन युनियन र भेरी नगरपालिका समेत)</td><td>शीर्षक</td><td>बजेट</td><td>निकासा</td><td>खर्च</td><td>खर्च %</td></tr>
<tr><td>पुँजीगत</td><td>२३,७९७,७१४</td><td>१६,५३७,०५३</td><td>१६,५३७,०५३</td><td>६९</td></tr>
<tr><td>चालु</td><td>१४,७६८,९५३</td><td>१२,३१०,११४</td><td>१२,३१०,११४</td><td>८३</td></tr>
<tr><td>जम्मा</td><td>३८,५६६,६६७.००</td><td>२८,८४७,१६७</td><td>२८,८४७,१६७</td><td>७५</td></tr>
<tr><td rowspan="9">स्रोतगत रुपमा आर्थिक वर्षको बजेट तथा खर्चको अवस्था</td><td>लगानीको स्रोत</td><td>बजेट</td><td>निकासा</td><td>खर्च</td><td>खर्च %</td></tr>
<tr><td>भेरी नगरपालिका</td><td>८,४८४,६६७.००</td><td>६,२८२,९८९.७९</td><td>६,२८२,९८९.७९</td><td>७४</td></tr>
<tr><td>नेपाल सरकार</td><td>२०,०८२,०००.००</td><td>१४,३२५,२५८.००</td><td>१४,३२५,२५८.००</td><td>७१</td></tr>
<tr><td>(GoF/EU)</td><td>१०,०००,०००.००</td><td>८,२३८,९१९.२१</td><td>८,२३८,९१९.२१</td><td>८२</td></tr>
<tr><td>जम्मा MWF</td><td>३८,५६६,६६७.००</td><td>२८,८४७,१६७.००</td><td>२८,८४७,१६७.००</td><td>७५</td></tr>
<tr><td>उपभोक्ताको नगद</td><td>८५२,७५१.६७</td><td>६६३०२१.७८</td><td>६६३०२१.७८</td><td>७८</td></tr>
<tr><td>उपभोक्ताको श्रमदान</td><td>४,६१०,५१७.१</td><td>३७९९१११.९५</td><td>३७९९१११.९५</td><td>८२</td></tr>
<tr><td>जम्मा उपभोक्ता</td><td>५४६३२६८.७७</td><td>४४६२१३३.७३</td><td>४४६२१३३.७३</td><td>८२</td></tr>
<tr><td>कुल जम्मा:</td><td>४४,०२९,९३५.७७</td><td>३३,३०९,३००.७३</td><td>३३,३०९,३००.७३</td><td>७६</td></tr>
</table>

दल बहादुर घर्ती
नि. प्रमुख प्रशासकीय अधिकृत

## १.२ भौतिक प्रगति सारांश

**परिणाम क्षेत्र १:** दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सेवा र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) को लागि सक्षम वातावरण निर्माण गरी शासनमा सुदृढ गर्नेः

| सि. नं. | क्रियाकलापहरू | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| १. | वास व्यवस्थापन समिति तथा WASH Unit को स्थापना तथा नियमितता | १ पटक | १ पटक |
| २. | वास इकाइका कर्मचारी भर्ना | ९ जना | ९ जना |
| ३. | वास इकाईका कर्मचारीहरूलाई क्षमता विकास तालिम | १ पटक | १ पटक |
| ४. | वास ब्यवस्थापन समितिको वैठक | १० पटक | १२ पटक |
| ५. | वास इकाईका कर्मचारीहरूसँग वैठक | १० पटक | १० पटक |
| ६. | किशोर किशोरी समूहहरुको परिचालन | २ समुह/१२ पटक | ३ समुह/२६ पटक |
| ७. | सरसफाई बजारीकरण श्रोत व्यक्ति परिचालन | १ जना | १ जना |
| ८. | सरसफाई बजारीकरण श्रोत व्यक्ति तालिम | | |
| ९. | योजना सुचारु सम्बन्धि तालिम | १ पटक | १ पटक |
| १०. | सडक नाटक/ कथा वस्तु संकलन / भिडियो निर्माण | १ पटक | १ पटक |
| ११. | सरसफाई / मर्यादित महिनावारी व्यवस्थापन कार्यदल वैठक | २ समुह/१२ पटक | ३ समुह/३५ पटक |
| १२. | लैंगिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्वन्धि वास इकाइका कर्मचारीका लागि ३ दिने तालिम | १ पटक | १ पटक |
| १३. | लैंगिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण योजना नीति विश्लेषण योजना बजेटिंग कार्यशाला | १ पटक | १ पटक |
| १४. | NWASH अद्यावधिक \व्यवस्थापन सुचना प्रणाली सहयोग | १ पटक | |
| १५. | WASH Plan प्रमाणीकरण कार्यशाला गोष्ठी | १ पटक | |
| १६. | दिसाजन्य लेदो व्यवस्थापन र पूर्ण सरसफाई नीति र रणनैतिक कार्य योजना निर्माण | १ पटक | १ पटक |
| १७. | आधारभूत स्तरको खानेपानी गुणस्तर प्रयोगशाला स्थापना र निरन्तरता | १ पटक | १ पटक |
| १८. | खानेपानी, सरसफाइ स्वच्छता नीति नियमावली कार्यविधि तयारी | ३ वटा | ३ वटा |
| १९. | स्थानीय तहहरुको गाउँ /नगर सभावाट WASH ऐन अनुमोदनको तयारि | १ पटक | १ पटक |
| २०. | उपभोक्ता समिती दर्ता प्रक्रिया क्रियाकलापमा सहयोग र अभिमुखोकरण | १ पटक | |
| २१. | स्थानीय तहहरुको गाउँ/नगर सभावाट WASH Plan अनुमोदनको तयारि | १ पटक | |
| २२. | जलवायु परिवर्तन सम्बन्धि तालिम अनुसन्धान र साझेदारी विकास कार्यक्रम | १ पटक | १ पटक |
| २३. | किचेन तथा घरबारी व्यवस्थापन तालिम | २ समुदाय | २ समुदाय |
| २४. | नमुना घर, नमुना गाउँ, नमुना वार्ड पुरस्कृत गर्ने कार्यक्रम | २ समुदाय | २ समुदाय |
| २५. | जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम न्युनिकरणसम्बन्धि क्षमता विकास तथा कार्यान्वयन सम्बन्धि कार्य | १ पटक | |
| २६. | सहभागितात्मक वार्षिक कार्य सम्पादन मुल्यांकन कार्यशाला गोष्ठी | १ पटक | |
| २७. | सेवा सहायता केन्द्र स्थापना तथा संचालन | १ पटक | १ पटक |
| २८. | ग्रामिण मर्मत कार्यकर्ताका लागि सेवा सहायता केन्द्र संचालन तथा मर्मत तालिम | १ पटक | |
| २९. | सरोकार वाला सन्तुष्टि फारम तयारि र सर्वे | २ योजना | २ योजना |
| ३०. | सिकाइ तथा अध्यन भ्रमण | १ पटक | १ पटक |
| ३१. | AWIS कार्यशाला गोष्ठी | १ पटक | १ पटक |
| ३२. | गुनासो सुनुवाई संयंत्र स्थापना तथा परिचालन | १ पटक | |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

**परिणाम क्षेत्र २:** जलवायु प्रतिरोधी, सुरक्षित र निरन्तर पानी आपूर्ति

| सि. नं. | क्रियाकलापहरू | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| १. | रिम्ना गाउँ खानेपानी तथा सरसफाइ योजना | १ योजना | |
| २. | सानोकोठखोली, पानि नाउला, कल्याणपुर, स्याला गाउँ खानेपानी तथा सरसफाइ योजना | १ योजना | १ योजना |
| ३. | घोयलनेटा, चौर, मैदे, नौधारी खानेपानी तथा सरसफाइ योजना | १ योजना | १ योजना |
| ४. | विस्तारित खानेपानि सुरक्षा योजना तालिम | १ पटक | १ पटक |
| ५. | विस्तारित खानेपानि सुरक्षा योजना कार्यान्वयन र सुचारुपन | २ स्थान | २ स्थान |
| ६. | पानी सुरक्षा योजना निमार्णका लागि खा पा उ स परिचालन, सामान्य मर्मत संम्भार | २ स्थान | |
| ७. | खानेपानी योजना संचालनका लागि गरिने चरणबद्ध कृयाकलापहरु | ८७ वटा | ६२ वटा |
| ८. | खरिद प्रक्रिया सम्बन्धि तीन दिने तालिम | १ पटक | १ पटक |
| ९. | ग्रामिण मर्मत संम्भार कार्यकर्ता तालिम | १ पटक | १ पटक |

**परिणाम क्षेत्र ३:** दिगो सरसफाइ, स्वच्छता र मर्यादित महिनावारी

| सि. नं. | क्रियाकलापहरू | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| १. | भैरब मा. बि भेरी नपा वडा नं. १०, भुरचौर | १ बिद्यालय | १ बिद्यालय |
| २. | भगवती आ. बि. भेरी नपा वडा नं. ६, गंगटिया | १ बिद्यालय | १ बिद्यालय |
| ३. | पूर्ण सरसफाइ तथा स्वच्छता सम्वन्धि प्रशिक्षक प्रशिक्षण तालिम (३ दिने) | १ पटक | १ पटक |
| ४. | पूर्ण सरसफाइ तथा स्वच्छता सम्वन्धि प्रशिक्षक प्रशिक्षण तालिम (पुनार्ताजकीय) | १ पटक | |
| ५. | वातावरणीय सरसफाई प्रवर्धन | १ पटक | |
| ६. | सुचना शिक्षा तथा संचारमुलक सामाग्री विकास तथा सम्प्रेषण | १ पटक | १ पटक |
| ७. | सुचना शिक्षा तथा संचार्मुलक सामाग्री उत्पादन र वितरण / प्रदर्शन | १ पटक | १ पटक |
| ८. | सार्वजनिक सुनुवाई, सुचनापाटि, नागरिक बडापत्र निर्माणमा सहयोग | १ पटक | |
| ९. | मिस्त्रीहरुका लागि तालिम | १ पटक | १ पटक |
| १०. | मिस्त्रीहरु परिचालन | १ पटक | |
| ११. | समुदाय स्तरमा सरसफाई बजारीकरण सम्बन्धि गोष्ठी | २ स्थानमा | ६ स्थानमा |
| १२. | दिशाजन्य लेदो व्यवस्थापनको वैकल्पिक तथा कार्यविधि माथि अभिमुखीकरण | १ पटक | १ पटक |
| १३. | पूर्ण सरसफाई तथा दिशाजन्य लेदो व्यवस्थापन सम्बन्धि क्षमता विकास कार्यक्रम | २ स्थानमा | २ स्थानम |
| १४. | विद्यार्थीहरुको अतिरिक्त क्रियाकलाप संचालन | २ बिद्यालय | २ बिद्यालय |
| १५. | विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि क्षमता विकास | २ बिद्यालय | २ बिद्यालय |
| १६. | सामुदायिक विद्यालयहरुमा तिन तारे पद्धति सम्वन्धि स्वमुल्यांकन तथा योजना तर्जुमा | २ बिद्यालय | २ बिद्यालय |
| १७. | मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धि तालिम | २ स्थानमा | २ स्थानमा |
| १८. | मर्यादित महिनावारी व्यवस्थापन / GEDSI स्थानीय श्रोत व्यक्ति सामुदायिक वैठक तथा कार्यशाला | १ स्रोत ब्यक्ति/१८० वैठक | १ स्रोत ब्यक्ति/१३४ वैठक |
| १९. | मर्यादित महिनावारी व्यवस्थापन कार्य योजना ट्राकिंग | २ पटक | ५ पटक |
| २०. | मर्यादित महिनावारी सम्वन्धि टास्क फोर्स परिचालन | १२ पटक | २४ पटक |
| २१. | मर्यादित महिनावारी व्यवस्थापन उत्सव र गोष्ठी | १ पटक | १ पटक |
| २२. | मर्यादित महिनावारी व्यवस्थापन नीति परामर्श कार्यशाला वैठक | १ पटक | १ पटक |
| २३. | सरसफाई / मर्यादित महिनावारी व्यवस्थापन सचेतना तथा अभियान क्रियाकलाप | १ पटक | १ पटक |
| २४. | सासु बुहारी अन्तरक्रिया/कार्यशाला (१ दिन) | २ स्थानमा | ४ स्थानमा |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| सि. नं. | क्रियाकलापहरू | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| २५. | स्थानीय बजारमा सानी मार्ट स्थापना | १ पटक | १ पटक |
| २६. | छाउपडी विरुद्ध परिचालन र अभियान | २ स्थान | २ स्थान |

## २. पृष्ठभूमि

नेपाल सरकार, फिनल्याण्ड सरकार, युरोपियन युनियन तथा भेरी नगरपालिकाको संयुक्त साझेदारीमा सञ्चालित **"सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA)"** आयोजनाले नगरपालिकामा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता सुनिश्चित गर्ने उद्देश्यले बिभिन्न गतिबिधिहरू भैरहेका छन् । कर्णाली प्रदेशका १० जिल्लाका २८ वटा स्थानीय तहहरूमा कार्यान्वयनमा रहेको यो आयोजनाले सुरक्षित, दिगो र समावेशी खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सेवाको सुनिश्चितता गर्ने लक्ष्य राखेको छ । आयोजनाले तीनवटा प्रमुख परिणाम क्षेत्र (Outcome Area) लाई मार्गनिर्देशक मानेर विविध गतिबिधिहरू कार्यान्वयन गरेको छ। **परिणाम क्षेत्र १:** दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सेवा र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) को लागि सक्षम वातावरण निर्माण गरी शासनमा सुदृढ गर्ने, **परिणाम क्षेत्र २:** जलवायु प्रतिरोधी, सुरक्षित र निरन्तर पानी आपूर्ति र **परिणाम क्षेत्र ३:** दिगो सरसफाइ तथा मर्यादित महिनावारी व्यवस्थापन।

यो आयोजना भेरी नगरपालिका जाजरकोटमा आ. ब. २०८१/०८२ को शुरूवाती चरणदेखिनै लागु भएको हो। सुस्वा आयोजनाको मूल ध्येय भनेको आयोजना संचालित सबै नागरिक, विशेषतः महिलाहरू, बालबालिका, अपांगता भएका व्यक्ति, दलित, जनजाति, गरिब तथा अन्य पछाडि परेका वर्गहरूको लागि सुरक्षित खानेपानी तथा सरसफाइ सेवाको पहुँच, निर्मित योजनाहरूलाई समावेशी र दिगो बनाउनु हो। यसका साथै, यस आयोजनाले स्थानीय तहलाई आत्मनिर्भर बनाउँदै र वास सुशासन कायम गर्दै सेवा प्रवाहमा स्थानीय स्वामित्व, उत्तरदायित्व र पारदर्शिता कायम गर्न विशेष जोड दिएको छ।

यस नगरपालिकामा आयोजना कार्यान्वयन गर्नको लागि मिति २०८१ साल बैशाख १६ गते भेरी नगरपालिका र खानेपानी तथा ढल व्यवस्थापन विभाग बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो। सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा आयोजनाको स्वीकृत आयोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भएका प्रावधानहरुको मातहतमा रही आर्थिक वर्ष २०८१/०८२ मा तयार गरिएका लक्ष्य र योजना वमोजिम हासिल गरिएका उपलब्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०८१/०८२ मा आयोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये ७६ प्रतिशत खर्च भएको छ। जसमध्ये दातृ निकाय तर्फको १७,६१,०८०।७९ रकम खर्च हुन नसकी चेक मार्फत फिर्ता पठाइएको छ। नेपाल सरकारको शसर्त अनुदान कुल बिनियोजित रकममा ७१ प्रतिशत खर्च भएको छ। स्थानीय तहको विनियोजित रु. ८४,८४,६६७। मध्ये रु. ६२८२९८९।७९ खर्च भएको छ। यस स्थानीय तहमा वार्षिक बजेटको तुलनामा ७४ प्रतिशत आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका ३ वटा खानेपानी तथा सरसफाइ योजना र २ वटा बिद्यालय शौचालय योजना निर्माण मध्ये ४ वटा योजनाहरु सम्पन्न भएका छन भने १ वटा रिम्ना गाउँ खानेपानी तथा सरसफाइ योजना स्थानीय र समितिबीचको बिवादले स्थगित भएको छ।

यस प्रतिवेदनमा भेरी नगरपालिकामा सुस्वा आयोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति तथा आयोजना सहयोग इकाई/आयोजना समन्वय कार्यालयलाई समेत भविष्यमा आयोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

अन्तमा, यस आर्थिक वर्षमा सुस्वा आयोजना भेरी नगरपालिका अन्तर्गत रही कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा एकिकृत दृष्टिकोणमा आधारित रहेर खानेपानी, सरसफाइ, स्वच्छता, लैङ्गिक समानता, सामाजिक समावेशीकरण र जलवायु उत्तरदायीताजस्ता विषयहरूलाई

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

समेट्दै स्थानीय सरकारहरूलाई सुदृढ पार्ने दीर्घकालीन प्रयास गरिएको छ । यस कार्यक्रमको सफल कार्यान्वयनले वासको क्षेत्रमा समग्र नगरपालिकाको आधार निर्माणमा टेवा पुऱ्याउने विश्वास गरिएको छ । आयोजनाको नीति तथा बजेट तर्जुमा र कार्यान्वयनमा सहयोग पुर्‍याउने दातृनिकाय, नेपाल सरकार, सुस्वा आयोजना सहयोग कार्यान्वयन इकाई सुर्खेत, समग्र नगरपालिका र कर्मचारीहरु सबैमा हार्दिक धन्यवाद ।

## ३. नीति तर्जुमा

भेरी नगरपालिकाको कार्यपालिका तथा नगरसभावाट खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन गर्न बनेको ऐन २०८० सुस्वा आयोजना शुरूवात हुनु अगावै पास गरिएको थियो । साथै नगरपालिकाले खाससस्व योजना (WASH Plan) पनि निर्माण गरी सो अनुसार क्रियाकलापहरू संचालन गर्दै आएको थियो । वास ऐन २०८० र खाससस्व योजना (WASH Plan) को आधारमा टेकी सुस्वा आयोजना आर्थिक वर्ष २०८१/०८२ को शुरूवात भएसँगै वाससँग सम्वन्धित बिभिन्न नीति/कार्यविधिहरू र योजनाहरू निर्माण भएका छन् ।

यस नगरपालिकाको WASH ऐन २०८० को परिच्छेद ९ को दफा ५० सँग सम्वन्धित भई विभिन्न कार्यविधि र योजनाहरू निर्माण गर्ने सन्दर्भमा नेपाल सरकार, फिनल्याण्ड सरकार/युरोपियन युनियन र यस नगरपालिकाको संयुक्त साझेदारीमा सवैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजनाले विभिन्न मितिमा तपसिलका कार्यविधि, योजना र विनियमहरूको मस्यौदा माथि कार्यपालिकाका पदाधिकारीहरू, सम्वन्धित क्षेत्रमा कार्यरत विज्ञ/बिशेषज्ञहरू र सरोकारवालाहरूसँगको उपस्थितिमा अभिमूखिकरण कार्यशाला गोष्ठी मार्फत छलफल, परामर्श र सहकार्य गरी कार्यविधि तथा योजनाहरूको अन्तिम कपी तयार भई सम्पन्न भएको र तपसिल बमोजिमका कार्यविधि, विनियम र योजनाहरू नगर कार्यपालिकाको वैठकवाट स्वीकृत गरि राजपत्रमा प्रकाशन भएको छ ।

(क) कार्यविधिहरूः

१. भेरी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यविधि-२०८२ ।
२. भेरी नगरपालिकाको ग्रामिण खानेपानी सेवा सहायता केन्द्र तथा मर्मत मर्मत सम्भार र सञ्चालन कोष व्यवस्थापन र परिचालन कार्यविधि- २०८२
३. भेरी नगरपालिकाको मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि- २०८२ ।

(ख) योजनाहरूः

१. भेरी नगरपालिकाको लैङ्गिक उत्तरदायी तथा अपाङ्गता समावेशि पञ्च वर्षिय योजना तर्जुमा- (२०८१।०८२ देखि २०८६।८७)
२. पूर्ण सरसफाई प्रवर्धनको लागि भेरी नगरपालिकाको कार्ययोजना- (२०८२-२०८७) ।

(ग) बिनियमः

१. मानव मलमूत्रजन्य फोहर व्यवस्थापन विनियम- २०८२

आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न भएको भेरी नगरपालिकाको नगरसभाले निम्नानुसारका आयोजनासँग सरोकार राख्ने थप निति, बजेट तथा कार्यक्रम आगामी आर्थिक वर्षका लागि प्रस्तुत भई सर्वसम्मत पारित गरेको छ ।

**नीति तथा कार्यक्रमको बुँदा नं. ६४.** नगरपालिका क्षेत्रमा रहेको स्वच्छ पिउने पानीको अभाव तथा स्वच्छताका लागि नेपाल सरकार तथा फिनल्याण्ड सरकार/युरोपियन युनियनको साझेदारीमा संचालित सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजनावाट उपलब्ध हुने ३ करोड ९३ लाख ४ हजार रूपैयाँ, नगरपालिकाको १ करोड ५० लाख र उपभोक्ताहरूको करिब ५१ लाख २६ हजार गरी जम्मा रू. ५ करोड ९४ लाख ३० हजार बरावरको बजेट परिचालन गरि वडा नं. ५ को छिप्रेना काफलचौर, वडा नं. १३ को कुदु, वडा नं. १० को भुरचौर तथा कल्लेरी र वडा नं. ११ को बाहुनगाउँमा खानेपानी तथा सरसफाइ कार्यक्रम संचालन गरिनेछ । यसवाट आयोजना क्षेत्रका करिव सबै घरधुरी लाभावन्वित हुने अपेक्षा लिएको छ ।

दल बहादुर घर्ती
नि. प्रमुख प्रशासकीय अधिकृत

**नीति तथा कार्यक्रमको बुँदा नं. ६५.** उल्लेखित आयोजना SUSWA वाट पालिकाको सबै वडाहरूमा बिस्तारित खानेपानी सुरक्षा योजना संचालन तथा कार्यान्वयन गरिनेछ। सोको लागि आयोजनामा माथि उल्लेखित बजेट मध्ये आयोजनाको रू. २५ लाख र नगरपालिकावाट १५ लाख रूपैयाँ खर्च गरिनेछ। यसवाट सबै वडामा रहेका खानेपानी योजनाहरूको मर्मत संभार भई उपभोक्ताहरूलाई दिगो रूपमा स्वच्छ पिउने पानीको सुविधा प्राप्त हुने अपेक्षा गरेको छ। ***स्रोत: नगरसभा, नीति तथा कार्यक्रम २०८२***

**३.१ आ. ब. २०८१/०८२ मा नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समिति (WASH-MC) को बैठक:**

| वैठक नं. | वैठक संचालन भएको मिति | प्रमुख छलफल तथा निर्णय |
|---|---|---|
| १. | २०८१ श्रावण २७ | • वास इकाईका कर्मचारी भर्ना तथा छनोट सम्वन्धमा।<br>• कर्मचारी भर्नाका लागि मूल्यांकन मापदण्ड स्वीकृत गर्ने सम्वन्धमा। |
| २. | २०८१ भाद्र १४ | • आबेदन दर्ताको अभिलेख सम्वन्धमा।<br>• नियमित वैठक वस्ने सम्वन्धमा।<br>• बजेट माग गर्ने सम्वन्धमा। |
| ३. | २०८१ आश्विन १५ | • सुस्वा आयोजनाको संक्षिप्त परिचय प्रस्तुत गर्ने सम्वन्धमा।<br>• पालिकाको लागत साझेदारी सम्वन्धमा।<br>• सुस्वा आयोजनाको वार्षिक कार्ययोजना सम्वन्धमा। |
| ४. | २०८१ मंशिर २ | • DMM LRP र SM LRP छनौट सम्वन्धमा।<br>• वास इकाईका कर्मचारीहरूलाई लजिष्टिक ब्यवस्था सम्वन्धमा।<br>• स्थानीय स्रोत ब्यक्तिको मासिक पारिश्रमिक निर्धारण सम्वन्धमा।<br>• वास ब्यवस्थापन समितिको मासिक वैठक सम्वन्धमा।<br>• मासिक प्रगति प्रतिवेदन र आगामी कार्ययोजना सम्वन्धमा। |
| ५. | २०८१ पुष २७ | • रिम्ना खानेपानी तथा सरसफाइ आयोजना सम्वन्धमा।<br>• नयाँ खानेपानी तथा सरसफाइ आयोजना प्रस्ताव गर्ने सम्वन्धमा।<br>• संस्थागत शौचालय निर्माणका लागि विद्यालय प्रस्ताव गर्ने सम्वन्धमा।<br>• आ ब. २०८२/०८३ को आयोजना प्रस्ताव गर्ने सम्वन्धमा<br>• खानेपानी आयोजनाको सम्झौता र सिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धमा।<br>• इन्धन तथा सवारी साधन मर्मत सम्वन्धमा।<br>• मासिका प्रतिवेदन, खर्च अनुमोदन र आगामी कार्ययोजना सम्वन्धमा। |
| ६. | २०८१ माघ २९ | • WSP+++ का लागि खानेपानी तथा सरसफाइ योजना प्रस्ताव गर्ने।<br>• बाह्रय निर्माण सामाग्रीहरूको आपुर्तिकर्ता छनोट सम्वन्धमा।<br>• मासिक प्रतिवेदन खर्च अनुमोदन र आगामी कार्ययोजना सम्वन्धमा। |
| ७. | २०८१ फागुन २६ | • मासिक प्रतिवेदन खर्च अनुमोदन र आगामी कार्ययोजना सम्वन्धमा।<br>• वास फोकल पर्सन सम्वन्धमा।<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन संसोधन सम्वन्धमा। |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| वैठक नं. | वैठक संचालन भएको मिति | प्रमुख छलफल तथा निर्णय |
|---|---|---|
| | | • वास सँग सम्वन्धित बिभिन्न कार्यविधि/योजनाहरू निर्माण गर्न कार्यशाला गर्ने ।<br>• बिश्व पानी दिवस मनाउने सम्वन्धमा । |
| ८. | २०८१ चैत्र ८ | • सुस्वा आयोजना सहयोग इकाईवाट भएको Total Monitoring को प्रतिवेदन आदान प्रदान सम्वन्धमा । |
| ९. | २०८२ बैशाख २१ | • प्रगति समीक्षा सम्वन्धमा ।<br>• आ. ब. २०८२/०८३ को प्रस्तावित बजेट सम्वन्धमा ।<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता सँग सम्वन्धित कार्यविधि र योजना अनुमोदन/स्वीकृतका लागि पेश गर्ने सम्वन्धमा ।<br>• खानेपानी तथा सरसफाइ योजनाको अनुगमन समीक्षा सम्वन्धमा ।<br>• सिकाई अध्ययन तथा अवलोकन भ्रमणको समीक्षा र खर्च अनुमोदन ।<br>• खानेपानी तथा सरसफाइ योजनाको अनुगमन सम्वन्धमा ।<br>• मोटरसाइकल खरिद सम्वन्धमा ।<br>• सेवा सहायता केन्द्र स्थापना र खानेपानी गुणस्तर जाँच प्रयोगशालाका लागि सामाग्री खरिद सम्वन्धमा ।<br>• बिद्यालय शौचालय निर्माण कार्य अगाडी वढाउने सम्वन्धमा ।<br>• PAPA सम्वन्धमा WASH-MC लाई अभिमूखिकरण ।<br>• महिनावारी स्वच्छता दिवस मनाउने सम्वन्धमा ।<br>• बायो इन्जिनियरिङ र CCA/DRR सम्वन्धि क्षमता विकास र कार्यान्वयन ।<br>• वातावरणीय सरसफाइ प्रवर्द्धनमा नगरस्तरीय फोहोर ब्यवस्थापन अभिमूखिकरण गोष्ठी संचालन गर्ने सम्वन्धमा ।<br>• NWASH अध्यावधिक/ब्यवस्थापन तालिम संचालन गर्ने सम्वन्धमा ।<br>• नगरपालिका वास कोषको खर्च प्रवाहमा अनुगमनका क्रममा देखिएका finding and feedback वारे छलफल । |
| १०. | २०८२ असार ५ | • अघिल्लो महिनाको प्रगति आदान प्रदान र खर्च स्वीकृत सम्वन्धमा ।<br>• आ. ब. २०८२/०८३ को प्रस्तावित बजेट स्वीकृतिका लागि नगरसभामा पेश गर्ने सम्वन्धमा ।<br>• खानेपानी तथा सरसफाइ योजनाको अनुगमन समीक्षा सम्वन्धमा ।<br>• आ. ब. २०८२/०८३ मा प्रस्तावित खानेपानी तथा सरसफाइ र संस्थागत शौचालय योजनाहरू स्वीकृत सम्वन्धमा ।<br>• खानेपानी तथा सरसफाइ योजनाहरूमा नपुग थप गैरस्थानीय सामाग्रीहरू खरिद सम्वन्धमा । |
| ११. | २०८२ असार २६ | • आयोजनाको हालसम्मको प्रगति प्रस्तुत सम्वन्धमा ।<br>• वास इकाईका कर्मचारीहरूको वार्षिक कार्यसम्पादन मूल्यांकन सम्वन्धमा । |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| वैठक नं. | वैठक संचालन भएको मिति | प्रमुख छलफल तथा निर्णय |
|---|---|---|
| | | • रकम माग सम्वन्धमा ।<br>• वास व्यवस्थापन समितिको अर्को वैठक बस्ने सम्वन्धमा । |
| १२. | २०८२ असार ३२ | • नगरपालिका वास कोषवाट आ. ब. २०८१/०८२ मा खर्च भएको बजेट स्वीकृत सम्वन्धमा ।<br>• वास इकाईका कर्मचारीहरूको वार्षिक कार्यसम्पादन मूल्यांकन सम्वन्धमा ।<br>• आ. ब. २०८१/०८२ मा वास इकाईमा थप जनशक्ति व्यवस्थापनका लागि बिज्ञापन गर्ने सम्वन्धमा ।<br>• पदपुर्ति समिति गठन सम्वन्धमा ।<br>• वास फोकल पर्सन नियुक्त सम्वन्धमा ।<br>• आ. ब. २०८२/०८३ को स्वीकृत बजेट प्रस्तुतीकरण सम्वन्धमा । |

## ३.२ आ. ब. २०८१/०८२ मा संचालन भएको वास इकाईको बैठकः

| वैठक नं. | वैठक संचालन भएको मिति | प्रमुख छलफल तथा निर्णय |
|---|---|---|
| १. | २०८१ कार्तिक ४ | • कार्यक्षेत्र बिभाजन सम्वन्धमा ।<br>• कार्तिक महिनामा गरिने क्रियाकलापहरूका कार्ययोजना निर्माण सम्वन्धमा । |
| २. | २०८१ मंशिर २० | • अनलाईन रिपोर्टिङ सम्वन्धि १ दिने अभिमूखिकरण सम्वन्धमा । |
| ३. | २०८१ फागुन २६ | • हालसम्म संचालन गरिएका क्रियाकलापहरूको समीक्षा र आगामी महिनाकोकार्ययोजना निर्माण सम्वन्धमा ।<br>• GEDSI र पूर्ण सरसफाई सम्वन्धि छलफल सम्वन्धमा । |
| ४. | २०८१ चैत्र ९ | • पूर्ण अनुगमन (Total Monitoring) सम्वन्धमा ।<br>• फिल्ड अनुगमन, WASH-MC र वास इकाईसँग छलफल सम्वन्धमा । |
| ५. | २०८२ बैशाख १२ | • हालसम्म संचालन गरिएका क्रियाकलापहरूको समीक्षा ।<br>• बैशाख र जेठ महिनाको डे वाइज कार्ययोजना तयार गर्ने सम्वन्धमा । |
| ६. | २०८२ बैशाख १५ | • सुस्वा आयोजना इकाई सुर्खेतका सुशासन बिज्ञको अनुगमन ।<br>• वास युनिटका कर्मचारीहरूको मासिक हाजिरी र कार्ययोजना सम्वन्धमा ।<br>• वास युनिटको चालु आ. ब. २०८१/०८२ को बजेट तथा कार्यक्रमको कार्यान्वयन तथा कार्यसम्पादन सम्वन्धमा ।<br>• वास व्यवस्थापन समिति र वास इकाईको नियमित वैठक सम्वन्धमा । |
| ७. | २०८२ बैशाख ३१ | • आगामी जेठ महिनामा गरिने क्रियाकलापहरूको कार्ययोजना र कार्यान्वयन ।<br>• अघिल्लो महिनाको प्रगति समीक्षा सम्वन्धमा । |
| ८. | २०८२ जेठ २५ | • अघिल्लो वैठकमा तय भएका कार्ययोजनको समीक्षा सम्वन्धमा ।<br>• आगामी असार १० सम्म क्रियकलापहरू सम्पन्न गर्ने सम्वन्धमा । |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| वैठक नं. | वैठक संचालन भएको मिति | प्रमुख छलफल तथा निर्णय |
|---|---|---|
| ९. | २०८२ असार २९ | • चालु आ. ब. २०८१/०८२ को बजेट तथा कार्यक्रमको कार्यान्वयन तथा कार्यसम्पादन समीक्षा सम्वन्धमा ।<br>• आगामी आ. ब. २०८२/०८३ को बजेट तथा कार्यक्रम अनुसार २०८२ साउन महिनाको कार्ययोजना सम्वन्धमा । |

## ४. लक्ष्य बमोजिम उपलब्धी

### ४.१ खानेपानी तथा सरसफाइका भौतिक संरचना निर्माणको उपलब्धि:

यस नगरपालिकामा चालु आर्थिक वर्ष २०८१/०८२ मा खानेपानी तथा सरसफाइका भौतिक संरचना निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छः

- आ ब २०८१।०८२ मा यस नगरपालिकामा ३ वटा खानेपानी तथा सरसफाइ योजनाहरु र २ वटा संस्थागत शौचालय योजनाहरु निर्माण गर्नुपर्नेमा २ वटा खानेपानी तथा सरसफाइ योजनाहरु र २ वटा संस्थागत शौचालय योजनाहरुको निर्माण कार्य सम्पन्न भएका छन । ति मध्ये १ वटा रिम्ना गाउँ खानेपानी तथा सरसफाइ योजना स्थानीय र समितिबीचको बिवादले स्थगित भएको छ ।
- यस आर्थिक वर्षमा २ वटा खानेपानी तथा सरसफाइ योजना निर्माण सम्पन्न भई १६२ घरधुरीका ८४७ जनसंख्या लाभान्वित भएका छन ।
- यस आर्थिक वर्षमा २ वटा बिद्यालय संस्थागत शौचालय योजनाहरु निर्माण भइ योजनावाट विद्यालयका बिद्यार्थी, शिक्षक र कर्मचारी गरी जम्मा ६५२ जना लाभान्वित भएका छन ।
- निर्मित दुईवटै खानेपानी तथा सरसफाइ योजनाहरुमा इनलाईन क्लोरिनेशन जडान गरी शुद्ध पानीको उपलव्धता गरिएको छ ।

तालिका नं. १, खानेपानी तथा सरसफाइ योजनाका निर्मित संरचनाहरूः

| क्र. स. | योजनाका प्रकार | सम्पन्न गर्ने लक्ष्य | | | हासिल भएको उपलब्धि | | | प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | घरधुरी/ संख्या | लाभान्वित जनसंख्या | संख्या | घरधुरी/ संख्या | लाभान्वित जनसंख्या | संख्या | घरधुरी/ संख्या | लाभान्वित जनसंख्या |
| १. | खानेपानी योजनाहरू | ३ | ३०४ | १५६४ | २ | १६२ | ८४७ | ६६।६६ | ५३ | ५४ |
| २. | संस्थागत शौचालय | २ | २ | ६५२ | २ | २ | ६५२ | १०० | १०० | १०० |

तालिका नं. २, खानेपानी तथा सरसफाइ योजनाका निर्मित संरचनाहरूः

| खानेपानी तथा सरसफाइ योजनाका निर्मित संरचनाहरू | इकाई | घोयलनेटा चौर मैदे नौधारी खानेपानी तथा सरसफाइ योजना | | सानो कोटखोली पानीनाउला कल्याणपुर स्याला खानेपानी तथा सरसफाइ योजना | |
|---|---|---|---|---|---|
| | | प्रस्तावित | सम्पन्न | प्रस्तावित | सम्पन्न |
| पुनर्भरण/श्रोत संरक्षण संरचना | संख्या | ५ | ५ | ३ | ३ |
| इन्टेक | संख्या | १ | १ | ३ | १ |
| पानी प्रशोधन इकाई | संख्या | ० | ० | ० | ० |
| इन्टरप्सन च्याम्वर | संख्या | ३ | ३ | ० | ० |
| मूख्य पाइप लाइन | मीटर | ९७५३ | ९७५३ | ३८०८ | ३८०८ |
| बितरण पाइप लाइन | मीटर | ८७६८ | ८७६८ | ६१९९ | ६१९९ |
| पानी ट्यांकी | संख्या | ५ | ५ | ३ | ३ |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| खानेपानी तथा सरसफाइ योजनाका निर्मित संरचनाहरू | इकाई | घोयलनेटा चौर मैदे नौधारी खानेपानी तथा सरसफाइ योजना | | सानो कोटखोली पानीनाउला कल्याणपुर स्याला खानेपानी तथा सरसफाइ योजना | |
|---|---|---|---|---|---|
| | | प्रस्तावित | सम्पन्न | प्रस्तावित | सम्पन्न |
| कलेक्सन च्याम्वर | संख्या | ० | १ | १ | १ |
| वास आउट च्याम्वर | संख्या | २ | २ | ४ | ४ |
| एअर भल्भ च्याम्वर | संख्या | २ | २ | २ | २ |
| डिस्ट्रिब्युसन च्याम्वर | संख्या | २ | २ | २ | २ |
| मूख्य क्रसिङहरू | संख्या | ६ | ६ | २ | २ |
| धाराहरू १०६, बिद्यालय धारा १ | संख्या | १३३ | १०७ | ७५ | ५४ |

तालिका नं. ३, बिद्यालय शौचालय योजनाका निर्मित संरचनाहरूः

| बिद्यालय शौचालय योजनाका निर्मित संरचनाहरू | इकाई | भैरव मा. बि. भेरी नगरपालिका १०, भुरचौर, जाजरकोट | | भगवती आ. बि. भेरी नगरपालिका ६, गंगटिया, जाजरकोट | |
|---|---|---|---|---|---|
| | | प्रस्तावित | सम्पन्न | प्रस्तावित | सम्पन्न |
| ढोका (बाहिर खोल्ने गरेको) | संख्या | ३ | ३ | ३ | ३ |
| झ्याल (प्रयाप्त उज्यालो हुने) | संख्या | ० | ० | ० | ० |
| भेन्टिलेश्न (हावा ओहोर दोहोर गर्ने) | संख्या | ३ | ३ | ३ | ३ |
| हात धुने बेसिन (पहुँचयोग्य उचाई) | संख्या | १ | १ | १ | १ |
| पानी ट्यांकी | संख्या | १ | १ | १ | १ |
| शौचालय भित्र धारा | संख्या | ३ | ३ | ३ | ३ |
| भित्रको चुक्कुल (पहुँचयोग्य उचाई) | संख्या | ३ | ३ | ३ | ३ |
| बाहिर पट्टिको कुन्डी (मूख्य ढोकामा) | संख्या | ३ | ३ | ३ | ३ |
| महिला र पुरूषहरूको लागि अलग्गै ब्लकहरू | संख्या | २ | २ | २ | २ |
| महिला शौचालयमा प्यान संख्या | संख्या | १ | १ | १ | १ |
| पुरूष शौचालयमा प्यान संख्या | संख्या | १ | १ | १ | १ |
| महिलाहरूका लागि युरिनल | संख्या | ० | ० | ० | ० |
| पुरूषहरूका लागि युरिनल | संख्या | ० | ० | ० | ० |
| ऐना | संख्या | ० | ० | ० | ० |
| सेनिटरी प्याड/ठोस फोहोर बिसर्जनका लागि बिर्को भएको भाँडोको ब्यवस्था | संख्या | ० | ० | ० | ० |
| कपडा झुण्ड्याउने हुकहरू | संख्या | ० | ० | ० | ० |
| सेनिटरी प्याडको उचित बिसर्जन गर्ने ब्यवस्था भएको | संख्या | ० | ० | ० | ० |

तालिका नं. ४, यस आर्थिक वर्षमा सम्पन्न भएका खानेपानी र संस्थागत शौचालय योजनाहरूको बिवरणः

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| क्र. स. | क्षेत्र | सम्पन्न योजनाको नाम | सम्पन्न योजनाको संक्षिप्त विवरण |
|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाइ | घोयलनेटा चौर मैदे नौधारी खानेपानी तथा सरसफाइ योजना | यो योजना भेरी नगरपालिकाको सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना मार्फत वडा नं. १ स्थित घोयलनेटा, चौर, मैदे र नौधारी बस्तीका १३३ घरधुरीलाई लक्षित गरी सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने उद्देश्यले संचालन गरिएको हो । गुरुत्वाकर्षण प्रणालीमार्फत पानी आपूर्ति हुने यस योजनामा घरैपिच्छे धारा, १ वटा बिद्यालयमा धारा, १ वटा धारा महिलामैत्री भवनमा र सरसफाइ प्रवर्द्धन कार्यक्रम समावेश गरि योजना सम्पन्न भएको छ । स्थानीय उपभोक्ता समितिको अगुवाइमा सञ्चालित उक्त योजना भेरी नगरपालिका, नेपाल सरका र फिनल्याण्ड सरकार/युरोपियन युनियनको साझेदारीमा तथा स्थानीय समुदायको सक्रिय सहभागितामा आथिक वर्ष २०८१/०८२ मा सम्पन्न भएको छ । हाल योजनावाट १०८ घरधुरीका ५५९ जना लाभान्वित भएका छन् । |
| २. | खानेपानी तथा सरसफाइ | सानो कोटखोली पानीनाउला कल्याणपुर स्याला खानेपानी तथा सरसफाइ योजना | यो योजना भेरी नगरपालिकाको सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना मार्फत वडा नं. ३ स्थित सानो कोटखोली, पानीनाउला, कल्याणपुर र स्याँला बस्तीका ७५ घरधुरीलाई लक्षित गरी सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने उद्देश्यले संचालन गरिएको हो । गुरुत्वाकर्षण प्रणालीमार्फत पानी आपूर्ति हुने यस योजनामा घरैपिच्छे धारा र सरसफाइ प्रवर्द्धन कार्यक्रम समावेश गरि योजना सम्पन्न भएको छ । स्थानीय उपभोक्ता समितिको अगुवाइमा सञ्चालित उक्त योजना भेरी नगरपालिका, नेपाल सरका र फिनल्याण्ड सरकार/युरोपियन युनियनको साझेदारीमा तथा स्थानीय समुदायको सक्रिय सहभागितामा आथिक वर्ष २०८१/०८२ मा सम्पन्न भएको छ । हाल योजनावाट ५४ घरधुरीका २८८ जना लाभान्वित भएका छन् । |
| ३. | संस्थागत शौचालय | श्री भैरव माध्यमिक बिद्यालय भेरी नगरपालिका १०, भुरचौर, जाजरकोट | भेरी नगरपालिकाको सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको मार्फत भेरी नगरपालिका, नेपाल सरका र फिनल्याण्ड सरकाररयुरोपियन युनियनको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको यो संस्थागत शौचालय निर्माण योजनावाट १६८ छात्रा १४७ छात्र र १२ शिक्षक कर्मचारी गरी जम्मा ३२८ जना लाभान्वित भएका छन । |
| ४. | संस्थागत शौचालय | श्री भगवती आधारभूत बिद्यालय भेरी नगरपालिका ६, गंगटिया, जाजरकोट | भेरी नगरपालिकाको सबैको लागी दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजनाको मार्फत भेरी नगरपालिका, नेपाल सरका र फिनल्याण्ड सरकाररयुरोपियन युनियनको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको यो संस्थागत शौचालय निर्माण योजनावाट १६० छात्रा १५५ छात्र र ९ शिक्षक कर्मचारी गरी जम्मा ३२४ जना लाभान्वित भएका छन । |

## तालिका नं. ५, भौतिक संरचना/योजनाको लक्ष्य बमोजिम उपलब्धि हासिल नहुनुको कारणः

| क्र. स. | क्षेत्र | स्थगित भएको योजनाको नाम | उपलब्धि हासिल नहुनुको कारण |
|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाइ | रिम्ना गाउँ खानेपानी तथा सरसफाइ योजना | नेपाल सरकार, फिनल्याण्ड सरकार/युरोपियन युनियन लागत साझेदारीमा संचालन भैरहेको सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना SUSWA – सुस्वा आयोजनावाट रिम्ना खानेपानी तथा सरसफाइ आयोजना नगरकार्यपालिकावाट आयोजना स्वीकृत भई पूर्व सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण लगायत चरणवद्ध कार्यपद्धति अन्तरगत खुडकिला ९ सम्मका क्रियाकलाप सम्पन्न भई मिति २०८१ पुष १८ गते उपभोक्ताहरुको आम भेला भएको र उक्त आमभेलामा उपभोक्ताहरुले गर्नु पर्ने श्रमदान र नगद योगदानमा उपभोक्ताहरु स्वयमको असहमति, खानेपानी मुहानमा विवाद, उपभोक्ता समिति वीच बेमेल, आदि जस्ता प्रमुख कारणहरुले गर्दा आयोजना स्वीकृत नभएको र विवाद समाधान गर्न भेरी नगरपालिकाको कार्यालयवाट योजना शाखा प्रतिनिधि, समाजिक विकास शाखा प्रमुख, आलेप प्रमुख, विपद शाखा प्रमुख, वास इकाईका वास संयोजक र अन्य कर्मचारीहरु, वास सल्लाहाकार, वडा अध्यक्ष तथा वडा कार्यालयका प्रतिनिधि सहितको टोलीले पटक पटक प्रयास गरे पनि आम उपभोक्ताहरुवाट उक्त आयोजना स्वीकृत नभएकोले उक्त आयोजना कार्यान्वयन नगरिएको । |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

### ४.२ पूर्ण सरसफाइ अवस्थाको उपलब्धिः

यस नगरपालिकामा चालु आर्थिक वर्ष २०८१/०८२ मा पूर्ण सरसफाइ तर्फ हासिल गरिएको प्रमुख उपलब्धी तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ भने लक्ष्य अनुसार प्रगित तल तालिकामा भए बमोजिम प्रस्तुत गरिएको छः

- यस आर्थिक वर्षमा जम्मा ३३१ वटा पूर्ण सरसफाइ उन्मुख घरधुरी घोषणा भएका छन् । यस अनुसार लक्ष्य भन्दा प्रगति धैरै राम्रो देखिएको छ ।
- यस आर्थिक वर्षमा नभएको, साझा/सिमित र असुरक्षित शौचालयवाट जम्मा ८१ वटा आधारभूत शौचालयहरुमा स्तरोन्नती भएका छन् भने यस आर्थिक वर्षमा नभएको, साझा/सिमित, असुरक्षित र आधारभूत शौचालयवाट जम्मा ३४७ वटा सुधारिएको शौचालयहरुमा स्तरोन्नति भएको छ ।
- यस आर्थिक वर्षमा जम्मा ३८७ वटा घरधुरीहरुमा हात धुने स्थान, जम्मा ३०५ वटा घरधुरीहरुमा चाङ तथा जुठेन र जम्मा २४३ वटा घरधुरीहरुमा कुहिने नकुहिने खाडल निर्माण भएका छन ।

तालिका नं. ६, पूर्ण सरसफाइ अवस्थाको उपलब्धिः

| क्र. स. | योजनाका प्रकार | सम्पन्न गर्ने लक्ष्य | | हासिल भएको उपलब्धि | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | घरधुरी | लाभान्वित जनसंख्या | घरधुरी | लाभान्वित जनसंख्या | घरधुरी | लाभान्वित जनसंख्या |
| १. | आधारभूत शौचालय | ८७ | ३९१ | ८१ | ३८८ | ९३ | ९९ |
| २. | सुधारिएको शौचालय | ३६९ | १६६७ | ३४७ | १७६० | ९४ | १०५ |
| ३. | हात धुने स्थानको निर्माण | ५८२ | ० | ३८७ | ० | ६६ | ० |
| ४. | पूर्ण सरसफाइ उन्मुख घरधुरी | ३०१ | ० | ३३१ | ० | १०९ | ० |
| ५ | चाङ तथा जुठेन निर्माण | ० | ० | ३०५ | ० | ० | ० |
| ६. | कुहिने नकुहिने खाडल | ० | ० | २४३ | ० | ० | ० |

### ४.३ क्षमता बिकासः

भेरी नगरपालिकामा सुस्वा आयोजनाको सहयोगमा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सेवा प्रभावकारी बनाउन आवश्यक जनशक्ति, वास क्षेत्रमा पालिका र समुदायको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न तालिम, अभिमुखीकरण र कार्यशालाहरू सञ्चालन गरिएका छन् । सामुदायिक संस्था, उपभोक्ता समिति, विद्यालय र स्थानीय सरकारका जनप्रतिनिधिहरूलाई वास सुशासन, प्राविधिक, व्यवस्थापकीय र व्यवहार परिवर्तनसम्बन्धी सीप प्रदान गर्रिँदै आएको छ । यसले वास सेवाको योजना, कार्यान्वयन, अनुगमन तथा सञ्चालनमा सुधार ल्याउन सहयोग पुगेको छ । क्षमता विकासका प्रयासहरूले दिगो र समावेशी वास सेवा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

#### ४.३.१ पालिकास्तरको वास (WASH) सुशासन तर्फको उपलब्धिः

भेरी नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने प्रयत्नस्वरूप विभिन्न उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ । वास सेवा प्रभावकारी, समावेशी, पारदर्शी र दिगो बनाउन पालिकाले नीति तथा कार्यविधि निर्माणदेखि कार्यान्वयनसम्मका प्रक्रियाहरूमा सुधार ल्याएको छ । सो प्रक्रियामा नगरपालिकाका कार्यपालिका सदस्यहरू, शाखा प्रमुखहरू र अन्य सरोकारवालहरूको ५२ महिला १६० पुरूष गरि २१२ जनाको उपस्थितिमा निम्न अनुसारका गतिबिधिहरू सम्पन्न गरिएको छ ।

तालिका नं. ७, वास (WASH) सुशासन तर्फ प्रशिक्षित जनशक्तिको बिवरणः

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| गतिबिधिको नाम | लक्षित समुह | प्रगति | अबधि | जम्मा सहभागी संख्या | महिला | पुरूष | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| AWIS कार्यशाला गोष्ठी | कार्यपालिका सदस्यहरू | १ | १ दिन | २९ | ८ | २१ | ७ | ५ | १७ |
| स्थानीय तहहरुको गाउँ /नगर सभावाट WASH ऐन अनुमोदनको तयारि | कार्यपालिका सदस्यहरू | १ | २ दिन | ४७ | ८ | ३९ | ५ | ११ | ३१ |
| खानेपानी, सरसफाइ स्वच्छता नीति नियमावली कार्यविधि तयारी | कार्यपालिका सदस्यहरू | १ | २ दिन | ४१ | ८ | ३३ | ५ | ११ | २५ |
| योजना सुचारु सम्बन्धि तालिम | Mixed: more than 2 groups | १ | १ दिन | ८२ | २५ | ५७ | ११ | २३ | ४८ |
| Capacity Enhancement on WASH Training (वास क्षमता विकास तालिम) | वास इकाईका कमर्चारीहरू | १ | ५ दिन | १० | ३ | ७ | १ | २ | ७ |
| जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम न्युनिकरणसम्बन्धि क्षमता विकास तथा कार्यान्वयन सम्बन्धि कार्य | वास इकाईका कमर्चारीहरू | १ | ६ दिने | ३ | ० | ३ | ० | ० | ३ |
| **जम्मा** | | | | **२१२** | **५२** | **१६०** | **२९** | **५२** | **१३१** |

### ४.३.२ क्षमता विकास GEDSI/DMM तर्फको उपलब्धि:

भेरी नगरपालिकामा सुस्वा आयोजनाको सहयोगमा लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशिता (GEDSI) र मर्यादित महिनावारी व्यवस्थापन (DMM) सुनिश्चित गर्न लक्षित क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् । कार्यपालिका सदस्यहरू, नगरपालिकाका शाखा प्रमुखहरू, महिला, किशोरी, शिक्षक, तथा सरोकारवालालाई महिनावारीसम्बन्धी स्वास्थ्य, सरसफाइ र व्यवहार परिवर्तनका विषयमा तालिम, अभिमुखीकरण र कार्यविधि निर्माण क्रियकलापहरू मार्फत सशक्त बनाइएको छ । विद्यालयमा बालमैत्री, अपांगता मैत्री र लैंगिकमैत्री शौचालय निर्माण र सचेतना कार्यक्रमले मर्यादित महिनावारी व्यवस्थापन अभ्यासमा सहयोग पुऱ्याएको छ । यसले समावेशी, सुरक्षित र सम्मानजनक वातावरण सिर्जना गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

तालिका नं. ८, क्षमता विकास GEDSI/DMM तर्फ प्रशिक्षित जनशक्तिको बिवरण:

| गतिबिधिको नाम | लक्षित समुह | प्रगति | अबधि | जम्मा सहभागी संख्या | महिला | पुरूष | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| सासु बुहारी अन्तरक्रिया/कार्यशाला | समुदाय | ४ | १ दिने | ११६ | ११६ | ० | ९१ | ९ | १६ |
| मर्यादित महिनावारी व्यवस्थापन नीति परामर्श कार्यशाला वैठक | कार्यपालिका सदस्यहरू | १ | १ दिने | ४२ | १३ | २९ | ४ | ११ | २७ |
| लैंगिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण योजना नीति विश्लेषण योजना बजेटिंग कार्यशाला | कार्यपालिका सदस्यहरू | १ | २ दिने | ७५ | ३१ | ४४ | ११ | १७ | ४८ |
| मर्यादित महिनावारी स्वच्छता ब्यवस्थापन तालिम | समुदाय | २ | २ दिने | ५७ | ५७ | ० | ३० | ७ | २० |
| छाउपडी विरुद्ध परिचालन र अभियान | समुदाय | २ | २ दिने | ६२ | ६२ | ० | १० | १ | ५१ |

| गतिबिधिको नाम | लक्षित समुह | प्रगति | अबधि | जम्मा सहभागी संख्या | महिला | पुरूष | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| सरसफाई / मर्यादित महिनावारी व्यवस्थापन सचेतना तथा अभियान क्रियाकलाप | Mixed: more than 2 groups | १ | २ दिने | ४९ | ४५ | ४ | २० | ० | २९ |
| GEDSI सम्वन्धि वास इकाइका कर्मचारीका लागि तालिम | वास इकाई कर्मचारी | १ | २ दिने | ८ | ३ | ५ | १ | २ | ५ |
| किशोर किशोरी समूहहरुको परिचालन | किशोरीहरू | ४ | १ दिने | ११६ | ७९ | ३७ | ८२ | १५ | १९ |
| **जम्मा** | | | | **५२५** | **४०६** | **११९** | **२४८** | **६२** | **२१५** |

### ४.३.३ क्षमता विकास पूर्ण सरसफाइ , बिद्यालय क्रियाकलापहरू, दिवस र समारोह तर्फको उपलब्धि:

भेरी नगरपालिकाले पूर्ण सरसफाइको लक्ष्य हासिल गर्न समुदाय र संस्थागत तहमा विभिन्न क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । वास इकाईका कर्मचारीहरूको क्षमता विकास गर्नुका साथै समुदाय र बिद्यालय स्तरमा सरसफाइ सम्बन्धी अभिमूखिकरण, जनचेतनामूलक अभियान र व्यवहार परिवर्तनका कार्यक्रमले सरसफाइलाई समुदायको जीवनशैलीको अभ्यासमा रूपान्तरण गर्न मद्दत पुऱ्याएको छ। विद्यालयहरूमा विद्यार्थी क्लब सशक्तीकरण, हात धुने अभ्यास, मर्यादित महिनावारी व्यवस्थापन, बक्तृत्वकला प्रतियोगिता र हाजीरी जवाफ प्रतियोगिता जस्ता सिर्जनात्मक क्रियाकलापहरू सञ्चालन गरिएका छन्। जसले विद्यार्थीमार्फत समुदायमा पूर्ण सरसफाइको सकारात्मक सन्देश प्रवाह भएको छ।

त्यसैगरी, विश्व चर्पी दिवस, मर्यादित महिनावरी दिवस, अन्तर्राष्ट्रिय महिला दिवस मनाई, वास क्षेत्रमा जनचेतना फैलाउने महत्वपूर्ण माध्यमको रूपमा यस वर्ष उपयोग गरिएको छ। यी सबै गतिबिधिहरूले सरसफाइको महत्वबारे जनचेतना अभिवृद्धि गर्न, समावेशी सहभागिता बढाउन र दिगो वास सेवा प्रवाहमा सकारात्मक योगदान पुऱ्याएका छन्। यस अभियानवाट प्रत्यक्ष रूपमा ७८९ महिला र ३७८ जना पुरुष गरि ११७२ जना लाभान्वित भएका छन्।

तालिका नं. ९, क्षमता विकास पूर्ण सरसफाइ , बिद्यालय क्रियाकलापहरू, दिवस र समारोह तर्फ प्रशिक्षित जनशक्तिको बिवरणः

| गतिबिधिको नाम | लक्षित समुह | प्रगति | अबधि | जम्मा सहभागी संख्या | महिला | पुरूष | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| पूर्ण सरसफाई तथा दिशाजन्य लेदो व्यवस्थापन सम्बन्धि क्षमता विकास कार्यक्रम | समुदाय | २ | १ दिने | ९६ | ८५ | ११ | २४ | ५ | ६७ |
| विद्यार्थीहरुको अतिरिक्त क्रियाकलाप संचालन | शिक्षक/ बिद्यार्थीहरू | २ | १ दिने | ३९८ | २१७ | १८१ | १६८ | २१ | २०९ |
| समुदाय स्तरमा सरसफाइ बजारीकरण सम्बन्धि गोष्ठी | समुदाय | ६ | १ दिने | २९४ | २३८ | ५६ | १५५ | ४१ | ९८ |
| विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि क्षमता विकास | शिक्षक/ बिद्यार्थीहरू | ५ | १ दिने | १२१ | ६८ | ५३ | २० | ५ | ९६ |
| पूर्ण सरसफाइ सम्वन्धि प्रशिक्षक प्रशिक्षण तालिम | वास इकाईका कर्मचारीहरू | १ | ४ दिने | ११ | ४ | ७ | २ | १ | ८ |
| मिस्त्री तालिम | समुदाय | १ | ७ दिने | १३ | ५ | ८ | ६ | ४ | ३ |
| मर्यादित महिनावारी व्यवस्थापन उत्सव र गोष्ठी | बिद्यार्थी/शिक्षक | १ | १ दिने | ८७ | ७० | १२ | १२ | ८ | ६७ |

दल बहादुर घर्ती
नि. प्रमुख प्रशासकीय अधिकृत

| गतिबिधिको नाम | लक्षित समुह | प्रगति | अबधि | जम्मा सहभागी संख्या | महिला | पुरूष | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| Day celebration-international women day | Mixed: more than 2 groups | १ | १ दिने | १२१ | ८५ | ३६ | ३६ | १८ | ६७ |
| बिश्व चर्पी दिवस | समुदाय | १ | १ दिने | ३१ | १७ | १४ | १७ | १४ | ० |
| जम्मा | | | | ११७२ | ७८९ | ३७८ | ४४० | ११७ | ६१५ |

### ४.३.४ चरणबद्ध क्रियाकलाप तर्फको उपलब्धि:

सबैका लागी दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (सुस्वा) आयोजनाको एउटा प्रमुख उद्देश्य खानेपानी उपभोक्ता समितिहरूको क्षमता विकास गर्नु पनि हो। उक्त उद्देश्य प्राप्तिका लागि आयोजनाले खानेपानी योजनाका विभिन्न उपभोक्ता समितिहरूमा क्षमता विकासका कार्यक्रमहरु समेत संचालन यस आर्थिक वर्षमा सम्पन्न गरेको छ। उक्त क्षमता विकासका कार्यक्रमहरुमा ४२० महिला र ३५१ पुरुष गरी जम्मा ७७१ जना लाभावन्वित भएका छन्।

तालिका नं. १०, चरणबद्ध क्रियाकलाप तर्फ प्रशिक्षित जनशक्तिको बिवरण:

| गतिबिधिको नाम | लक्षित समुह | प्रगति | अबधि | जम्मा सहभागी संख्या | महिला | पुरूष | दलित | जनजाति | अन्य | अपांगता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी गुणस्तर जाँच सम्वन्धि अभिमूखिकरण | WUSC | ३ | २ दिने | ५२ | २९ | २३ | २० | २२ | १० | ० |
| सामुदायिक कार्ययोजना निर्माण र योजना स्वीकृति | समुदाय | ३ | २ दिने | ३५ | १८ | १७ | १४ | १५ | ६ | १ |
| आर्थिक ब्यवस्थापन तथा बैंक खाता संचालन सम्वन्धि तालिम | WUSC | ३ | १ दिने | ८५ | ५१ | ३४ | ४४ | २७ | १४ | ० |
| उपभोक्ता समिति अभिमूखिकरण र समिति गठन | WUSC | ३ | १ दिने | २९८ | १३९ | १५९ | ९२ | १३० | ७६ | ७ |
| सार्वजनिक लेखा परीक्षण | समुदाय | २ | १ दिने | १२६ | ७९ | ४७ | ६७ | ४५ | १४ | ० |
| किचेन तथा घरवारी ब्यवस्थापन तालिम | समुदाय/ WUSC | २ | १ दिने | ७५ | ४९ | २६ | ५६ | ९ | १० | ० |
| WASH, GEDSI & Baby WASH अभिमूखिकरण | WUSC | ३ | २ दिने | ३० | १८ | १२ | १० | १६ | ४ | ० |
| WSP/CCA/DRR/SSM/3R and O & M अभिमूखिरण | WUSC | ३ | १ दिने | ५२ | ३० | २२ | २८ | १६ | ८ | ० |
| ग्रामीण मर्मत सम्भार कार्कर्ता तालिम | WUSC | ३ | १२ दिने | ९ | ३ | ६ | ७ | २ | ० | ० |
| उपभोक्ता समिति ब्यवस्थापन तथा खरिद ब्यवस्थापन तालिम | WUSC | १ | ३ दिने | ९ | ४ | ५ | ३ | ३ | ३ | ० |
| जम्मा | | | | ७७१ | ४२० | ३५१ | ३४१ | २८५ | १४५ | ८ |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

## ५. अनुगमन तथा प्रतिबेदन

आर्थिक वर्ष २०८१/०८२ मा भेरी नगरपालिकामा “सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (सुस्वा) आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन भएका योजना तथा क्रियाकलापहरूमा नगरपालिका अनुगमन समिति, सुस्वा इकाई सुर्खेत, र वास इकाई भेरी नगरपालिकावाट विभिन्न समयमा अनुगमन गरिएको थियो। अनुगमन टोलीले योजनाको प्रगति, गुणस्तर, सहभागिता, पारदर्शिता, सामाजिक समावेशिता, र व्यवहार परिवर्तन गतिबिधिहरूको मूल्याङ्कन गर्दै समुदाय, उपभोक्ता समिति र विद्यालयहरूसँग प्रत्यक्ष अन्तर्क्रिया गरेको थियो । प्राप्त सुझाव तथा प्रतिक्रियाले आगामी दिनमा कार्यान्वयन गरिने योजनामा सुधार र दिगोपन सुनिश्चित गर्न महत्वपूर्ण टेवा पुऱ्याएको छ। अनुगमनवाट प्राप्त प्रतिवेदन तथा सुझावहरू आगामी योजना निर्माण, कार्यान्वयन सुधार र दीर्घकालीन स्थायित्व सुनिश्चित गर्ने कार्यमा उपयोगी सावित भएका छन् । यसले दिगो खानेपानी तथा सरसफाइ सेवा प्रवाहमा संस्थागत जवाफदेहिता, पारदर्शिता र प्रभावकारितामा थप मजबुत बनाएको छ। अनुगमन समितिले गरेका बिस्तृत विवरणहरू र हरेक पटकको प्रतिवेदन पेश गरिएको विवरणहरू तल तालिकमा समेटिएको छ।

तालिका नं. ११, अनुगमन कार्यदलवाट योजनास्तरमा गरिएको अनुगमनको विवरणः

| क्र. स. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति अनुसार अनुगमन संख्या | स्थलगत अनुगमन संख्या | अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | घोयलनेटा चौर मैदे नौधारी खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ५ |
| २. | सानो कोटखोली पानीनाउला कल्याणपुर स्याला खानेपानी तथा सरसफाइ योजना | ३ | ३ | ५ |
| ३. | श्री भैरव माद्यमिक बिद्यालय | २ | २ | ५ |
| ४. | श्री भगवती आधारभूत बिद्यालय | २ | २ | ५ |
| ५. | रिम्ना गाउँ खानेपानी तथा सरसफाइ योजना | ३ | १ | ५ |

तालिका नं. १२, नगरपालिकावाट आयोजनामा पेश भएका प्रतिवेदनहरुः

| क्र. स. | प्रतिवेदनको विवरण | चालु आ. ब. मा पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १. | मासिक आर्थिक प्रतिवेदन (फाँटवारी) | १२ | १० | ० |
| २. | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३. | वार्षिक प्रतिवेदन | १ | १ | ० |

## ६. सहकार्य

सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (सुस्वा) आयोजनाको प्रभावकारी सञ्चालनका लागि भेरी नगरपालिकाले बहुपक्षीय सहकार्यमा जोड दिएको छ। आयोजनामा संघीय सरकार, स्थानीय सरकार, फिनल्याण्ड सरकार तथा युरोपियन युनियनबीचको साझेदारीका साथै सुस्वा इकाई, वास इकाई भेरी नगरपालिका, उपभोक्ता समिति, समुदाय, विद्यालय र सरोकारवाला संघ/संस्थाहरूबीचको समन्वय मार्फत कार्यक्रम संचालन गर्न सहकार्य गरिएको छ। यस सहकार्यले स्रोत परिचालन, प्रविधि हस्तान्तरण, क्षमता विकास, अनुगमन तथा समावेशी सेवा प्रवाहमा उल्लेखनीय योगदान पुऱ्याएको छ, जसले आयोजनालाई दिगो, प्रभावकारी र समुदायमैत्री बनाएको छ। यसैगरी आयोजनाले नगरपालिका स्तरमा संचालन गरिने बिभिन्न कार्यक्रमहरूमा निम्न बमोजिमका संस्थाहरूसँग सहकार्य गरेको छ।

तालिका नं. १३, आयोजना संचालन गर्ने क्रममा सहकार्य र समन्वयः

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| क्र. स. | निकाय/संघ/संस्थाको नाम | कार्यक्रमको नाम | सहकार्यको प्रकार | सहकार्यको रकम रू. |
|---|---|---|---|---|
| १. | पाँचतारा युवा संरक्षण मञ्च | अन्तर्राष्ट्रिय महिला दिवस | कार्यक्रममा लजिष्टिक व्यवस्था र सहजीकरण | १०,००० |
| २. | एकद्वार संकट ब्यवस्थापन प्रणाली स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | अन्तर्राष्ट्रिय महिला दिवस | कार्यक्रममा लजिष्टिक ब्यवस्था र सहजीकरण | १००० |
| ३. | एकद्वार संकट ब्यवस्थापन प्रणाली स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | मर्यादित महिनावारी स्वच्छता दिवस | कार्यक्रममा लजिष्टिक ब्यवस्था र सहजीकरण | १००० |
| ४. | अन्तरपार्टि महिला संजाल, जाजरकोट | मर्यादित महिनावारी स्वच्छता दिवस | कार्यक्रम सहजीकरण | ० |

## ७. आयोजना संचालन गर्दा आइपरेका समस्याहरू र समाधानका प्रयासहरू

| समस्या क्षेत्र | देखिएका समस्या | अवलम्वन गरिएका समाधानका प्रयासहरू |
|---|---|---|
| सामाजिक | १. समावेशी सहभागिताको कमी<br>• हरेक वैठकम/भेलामा महिलाहरूको सहभागीता न्यून<br>• निति निर्माणमा समावेशी सहभागीता नहुनु<br>२. पालिकाका हरेक क्षेत्रमा WASH व्यवहार परिवर्तनमा कठिनाई<br>• मर्यादित महिनावारी सम्वन्धमा गलत धारणा<br>• सरसफाई अभ्यासमा पुरातनवादी सोच र जनचेतनाको अभाव | १. हरेक भेला तथा कार्यक्रमहरूमा महिलाको सहभागीता ५० प्रतिशत सुनिश्चित गरिएको। अपांगता भएका ब्यक्ति र बालबालिकाहरूलाई प्रयोगकर्ता मैत्री संरचनाहरूमा पहुँच र समावेशी सहभागिता सुनिश्चित गरिएको। लैंगिक उत्तरदायी बजेट (Gender Responsive Budgeting)का लागि पालिकालाई सहजीकरण। पालिका स्तरमा समावेशी नीति बिश्लेषण र पञ्चबर्षीय योजना तजुर्मा परामर्श गोष्ठी संचालन।<br>२. विद्यालय र समुदायस्तरमा BCC कार्यक्रम संचालन गरिएको। समुदायका अगुवा, किशोरीहरू, धामी झाक्री पुजारी, आमा समुह, TS/DMM कार्यदल, खानेपानी उपभोक्ता समिति तथा निश्चित समुहलाई अभिमूखिकरण/परिचालन गरी समुदायका गलत धारणा र बिश्वासहरूलाई त्याग्न पूर्ण सरसफाईका ट्रिगर बिधि अपनाईएको। |
| प्राविधिक | १. समुदायका ब्यक्तिहरूको स्वस्थ र ब्यवस्थित शौचालयमा शौच गर्ने इच्छा हुँदा हुदै- पहुँचयोग्य/समाबेशी शौचालय र सरसफाइको सुविधाहरू कस्तो हुनुपर्छ भन्ने ज्ञानको अभाव। निश्चित गुणस्तर अनुसारको सरसफाइ सुविधा र सामाग्रीहरूको माग र आपुर्तिको अभावका कारण अझै पनि समुदायका केही घरधुरीहरू खुला शौच गर्न बाध्य।<br>२. स्थानीय स्तरमा दक्ष जनशक्तिको (मिस्त्री) अभाव | १. समुदाय स्तरमा शौचालयको आकार, प्रकार र सरसफाइ सुबिधाहरूका बारेमा वास इकाईका कर्मचारीहरूद्धरा बिभिन्न समुहमा छलफल/स्थानीय समुहहरू परिचालन र स्थानीय मिस्त्रीहरूलाई तालिम। स्थानीय स्तरमा सरसफाइ बजारीकरणको सहजीकरण मार्फत वास मार्ट स्थापना भई समुदायमा आधारभूत र सुधारिएको शौचालय निर्माण गर्ने सामाग्रीहरूको पहुँचमा वृद्धि तथा शौचालय निर्माणमा त्रिब्रता।<br>२. खानेपानी योजना निर्माणका लागि प्राविधिक मापदण्ड अनुसार कार्य गर्न सक्ने आन्तरिक र बाह्य दक्ष जनशक्ति परिचालन गरिएको। |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| समस्या क्षेत्र | देखिएका समस्या | अवलम्वन गरिएका समाधानका प्रयासहरू |
|---|---|---|
| आर्थिक | १. उपभोक्ताको श्रमदान र नगद योगदान बढी हुँदा समुदायहरू योजनाको काम गर्न उत्साहित नहुनु ।<br>२. उपभोक्ताहरूले खानेपानी योजनामा नगद योगदान तिर्न नसक्ने ।<br>३. ग्रामीण स्तरमा उपभोक्ता समितिमा चुनिने सदस्यहरूको ब्यक्तिगत अपेक्षा धैरै हुनु । योजनाको वित्तीय पारदर्शितामा चुनौती । | १. नीति अनुसार श्रमदान र नगद साझेदारी अनिवार्य हो र निर्माण हुने संरचनाहरू समुदायको अति आवश्यक्ता र अपनत्व हो भनी सहजीकरण गरिएको ।<br>२. अधिकांश उपभोक्ताले नगद योगदान गरेतापनि केही न्यून आय भएका उपभोक्ताहरूले योजनामा काम गरेवापत पाउने पारिश्रमिकवाट नगद योगदान गरेको ।<br>३. उपभोक्ता समितिलाई बिभिन्न तालिम कार्यक्रमवाट क्षमता विकास गरिएको र अभिमूखिकरण र वित्तीय प्रशिक्षण तथा सार्वजनिक सुनुवाइ गरी आय ब्ययको लेखाजोखा स्पस्ट राख्ने गरेको । |
| संस्थागत | १. उपभोक्ता समितिको कार्यक्षमतामा कमी<br>२. आयोजना सहयोग इकाई र वास इकाई बीच निर्दिष्ट क्रियाकलापहरूमा कार्यान्वयन कसरी गर्ने सम्वन्धमा समन्वय अभाव<br>३. पालिका स्तरमा पालिकाको वास ब्यवस्थापनसँग सम्वन्धित नीति, कार्यविधि र योजनाहरूको अभाव । पालिकामा भएका नीति र योजनाहरू पनि अधुरो बनाइएका । | १. चरणवद्ध कार्यविधिको खुडकिलाहरू अवलम्वन गरि आयोजनासँग सम्वन्धित अन्य दस्तावेजका आधारमा उपभोक्ता समितिको कार्यक्षमता बृद्धि गरिएको । आगामी वर्षमा सेवा सहायता केन्द्र मार्फत पालिका भरिका खानेपानी तथा सरसफाइ योजना तथा उपभोक्ता समितिहरूलाई क्षमता अभिवृद्धि गरि योजनाहरूको मर्मत सम्भार गर्न सेवा सुचारूपना सम्वन्धि अभिमूखिकरण र पालिका स्तरमा सेवा सहायता केन्द्र स्थापना ।<br>२. नियमित रूपमा आयोजना सहयोग इकाईका सुपरभाईजरसँग फोन सम्पर्क, प्रत्यक्ष छलफल, समन्वय वैठक र अनुगमनवाट प्राप्त सुझावहरूका आधारमा क्रियाकलापहरू कार्यान्वयन गरिएको । साथै हाल आयोजना सहयोग इकाईवाट क्रियाकलाप कार्यान्वयन निर्देशिका निर्माण गरिएकोले आगामी आर्थिक वर्षमा क्रियाकलापहरू कार्यान्वयन गर्न सहयोग हुने ।<br>३. आयोजना संचालन गर्न सुस्वाको सहजीकरण/बिभिन्न कार्यशाला/सम्वन्धित क्षेत्रका बिज्ञ सल्लाहकारको परामर्श सहयोगमा पालिकाले कार्यविधि, बिनियम, योजनाहरू निर्माण गरेको । जसले गर्दा आगामी आर्थिक वर्षमा नीति तथा कार्यविधि अनुसार काम गर्न सहज हुने । |
| वातावरणीय | १. श्रोत संरक्षणको चुनौती र मुहान दर्तामा बिवाद<br>२. निर्मित खानेपानी योजनाहरूको मुहानमा प्राकृतिक प्रकोप (वाढी, पहिरो) आउन सक्ने सम्भावना ।<br>३. मानव मलमूत्र बिसर्जनमा समस्या र पालिका स्तरमा ठोस फोहोर ब्यवस्थापनमा असहज | १. उपभोक्ता समितिहरूलाई श्रोत संरक्षण, बृक्षारोपण, जलवायु अनुकलनमैत्री योजना निर्माण सम्वन्धि सहजीकरण गरिएको । वास इकाईका कर्मचारीहरूलाई जलाधार, मूलाधार र बायो इन्जिनियरिङ सम्वन्धी क्षमता विकासका कार्यक्रम संचालन गरिएको । मुहान दर्ता र उपभोक्ता समिति दर्ता प्रक्रियामा वास इकाईले सहजीकरण गरिरहेको ।<br>२. मुहानक्षेत्र अध्ययन गरी प्रकोप न्यूनीकरण संरचना निर्माण गरिएको । सो सम्वन्धमा अनुगमन टिमवाट प्राप्त सुझावहरूको आधारमा संरचना सुधार गरिएको । र खानेपानी सुरक्षा योजनाका सम्वन्धमा उपभोक्ताहरूलाई सो सम्वन्धमा सहजीकरण गरिएको । |

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| समस्या क्षेत्र | देखिएका समस्या | अवलम्वन गरिएका समाधानका प्रयासहरू |
|---|---|---|
| | | ३. मानव मलमूत्र बिसर्जन सम्वन्धमा बिनियम तयार गरिएको। आगामी आर्थिक वर्षमा सोको कार्यन्वयन गर्न कार्यपालिकाका सदस्यहरूलाई अभिमूखिकरण गरिएको। पालिका स्तरमा ठोस फोहोर ब्यवस्थापन गर्न नगरपालिकाले बिभिन्न सहयोगी संस्थाहरूको सहयोगमा आवश्यक रणनीति वनाउने प्रयत्न गरिरहेको। |

## ८. निष्कर्ष

सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA)- सुस्वा आयोजना अन्तर्गत भेरी नगरपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न गतिबिधिहरूले खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्न सफल भएको छ। आयोजनाले नगरपालिकामा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता सहितको समावेशी खानेपानी तथा सरसफाइ सेवा प्रणाली निर्माण गर्ने कार्यमा कदम चालेको छ। आयोजनाले सबै परिणाम क्षेत्रहरूलाई समेटेर- खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्वन्धित कार्यविधि निर्माण, योजना निर्माण, वास पूर्वाधार निर्माण, क्षमता विकास, व्यवहार परिवर्तन, सामाजिक समावेशीकरण र गुणस्तरीय सेवा प्रवाहमा काम गरेको छ। जसले गर्दा समुदायको स्वच्छ जीवनशैली र सचेतना अभिवृद्धि गराई जन-स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सफल हुनेछ।

साथै, परियोजनाको सफलतामा समुदायको अपनत्व, स्थानीय सरकारको प्रतिबद्धता, विभिन्न साझेदार संस्था र सरोकारवालाबीचको समन्वयात्मक प्रयास विशेष उल्लेखनीय रह्यो। यद्यपि, आयोजनाका गतिबिधिहरू कार्यान्वयन गर्ने क्रममा लक्षित समुदायमा वास सचेतनाको अभाव, दक्ष जनशक्तिको अभाव र कार्यक्रम कार्यान्वयनमा प्राविधिक कठिनाई र कठिन भौगोलिक अवस्थितिले आयोजना संचालनको शुरूवाती चरणमा अपेक्षित कार्यसम्पादन हासिल गर्न चुनौतीपूर्ण भए पनि आयोजनाका बिभिन्न नीति/बिधिमा टेकेर काम गर्दै जँदा आयोजना सफल भएको महशुस गरिएको छ। यस वर्षको सिकाईहरूलाई अभिलेखिकरण गर्दै आगामी वर्षमा अझ प्रभावकारी रूपमा आयोजना कार्यान्वयन गर्न मद्दत पुग्नेछ।

समग्रमा, यस आर्थिक वर्षमा सुस्वा परियोजनाले भेरी नगरपालिकामा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि सशक्त आधारशिला निर्माण गरिसकेको छ। यस आधारलाई अझ मजबुत पार्दै स्थानीय सरकार, दातृ निकाय र समुदायको साझा प्रयासवाट आगामी दिनहरूमा अझ दिगो, सुरक्षित र समावेशी सेवा प्रवाह सम्भव हुने विश्वास लिइएको छ।

## ९. अनुसूचीहरू

### ९.१ अनुसूची १: संचालित योजनाहरू र खर्चको विवरण

| (क) खानेपानी तथा सरसफाइ योजना निर्माण तर्फ | | | | | |
|---|---|---|---|---|---|
| योजनाको नाम | योजनाको अनुमानित लागत (GoN, GoF/EU, Mu, User ) | यस आर्थिक वर्षमा भएको खर्च GoN, GoF/EU, Mu, User) | यस योजनामा पालिकाको खर्च | लाभावन्वित घरधुरी | लाभान्वित जनसंख्या |
| घोयलनेटा चौर मैदे नौधारी खानेपानी तथा सरसफाइ योजना भेरी नगरपालिका १, जाजरकोट | १५,३५६,९३३ | १२,१५२,३७९ | १,२१५,२६८ | १०८ | ५५९ |
| सानो कोटखोली पानीनाउला कल्याणपुर स्याला खानेपानी तथा सरसफाइ योजना भेरी नगरपालिका ३, जाजरकोट | ८,३६२,८५० | ७,०७८,०२८ | ७०७,९२० | ५४ | २८८ |
| जम्मा | २३,७१९,७८३ | १९,२३०,४०७ | १,९२३,१८८ | १६२ | ८४७ |
| (ख) संस्थागत शौचालय योजना निर्माण तर्फ | | | | | |

भेरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| योजनाको नाम | योजनाको अनुमानित लागत (GoN, GoF/EU, Mu, User ) | यस आर्थिक वर्षमा भएको खर्च GoN, GoF/EU, Mu, User) | यस योजनामा पालिकाको खर्च | लाभावन्वित बिद्यालय | लाभान्वित बिद्यार्थी/ शिक्षक कर्मचारी |
|---|---|---|---|---|---|
| श्री भैरव माद्यमिक बिद्यालय भेरी नगरपालिका १०, भुरचौर, जाजरकोट | १,०२९,३८९ | ८५६,४७८ | ११७,७३२ | १ | ३२८ |
| श्री भगवती आधारभूत बिद्यालय भेरी नगरपालिका ६, गंगटिया, जाजरकोट | १,०४५,७७८ | ९९३,४७४ | १४१,५०० | १ | ३२४ |
| **जम्मा** | **२,०७५,१६७** | **१,८४९,९५२** | **२५९,२३२** | **२** | **६५२** |
| **कूल जम्मा (क+ख)** | **२५,७९४,९५०** | **२१,०८०,३५९** | **२,१८२,४२०** | **१६४** | **१,४९९** |

## ९.२ अनुसूची २: सफलताका कथाहरू

## Case Study 1: Building Local Capacity through the Village Maintenance Work (VMW) Training additionally the Sanokotkholi–Paninaula–Kalyanpur–Syala Drinking Water Supply Project

### 1. Project Overview

The *Sanokotkholi–Paninaula–Kalyanpur–Syala Drinking Water Supply Project (DWSP)* is a transformative rural infrastructure initiative designed to ensure sustainable access to safe drinking water across multiple communities. The project is **supported by the Sustainable wash for all (SUSWA) Project** and **the Bheri Municipality Municipal Office (WASH unit)**.

"**SUSWA** is a project implemented in partnership with the **Government of Nepal**, co-funded by the **European Union**, and supported by the **Ministry for Foreign Affairs of Finland**."

As the **WASH Technician**, I had the privilege to oversee both technical supervision and capacity-building components of this important project. Among several structural interventions, the most complex and vital component is the construction of the **RVT (Reservoir Tank)** — a key storage and distribution facility for the entire water supply system.

### 2. Technical Challenge

Constructing the RVT required specialized skills in plumbing, concrete casting, and pipe fitting. Traditionally, such technical works in our region are carried out by skilled laborers hired from outside the district, which increases costs and limits community ownership. Our goal, however, was to **build both infrastructure and local human capacity** simultaneously.

### 3. VMW Training: Village Maintenance Worker Development

To address this challenge, our office launched a structured **Village Maintenance Worker (VMW) Training** program at the community level. The objective was to train selected local individuals in:

- Constructing and standing **RVT**
- Cutting and handling **GI (Galvanized Iron)** pipes
- Understanding and using **GI and HDPE pipe fittings**
- Learning basic plumbing and water supply maintenance techniques

This training was one of the most significant milestones of the project. A total of **9 local participants from 4 individual wards of Bheri Municipality** successfully completed the course, becoming skilled maintenance workers—what we proudly call “VMW products.”

**4. Key Success Stories**

Out of the nine trained individuals, **Mr. Khim Bahadur BK** and **Mrs. Kalpana Nepali**—both permanent residents of **Ward No. 3**—emerged as standout contributors. **Mr. BK**, in particular, led the technical work on the RVT construction with exceptional commitment and skill. What makes this achievement notable is that in previous projects, such roles were often filled by non-local workers. Thanks to the VMW worker, **Mr. BK** and **Mrs. Nepali** were able to lead the work from the front to standing 3 RVT, showcasing **technical excellence**.

**5. Profile of our mentioned VMW products**

**Mr. Khim Bahadur BK** comes from a financially disadvantaged background and lives with his family of seven (**7**) members. He is officially a permanent resident of **Ward No. 1**; however, since his house is situated in **Ward No. 3** and he has been living there consistently, I always record his permanent residence as **Ward No. 3** for practical purposes. His wife's name is **Mrs. Sita BK**. Despite the challenges of poverty, they continue to manage their household with resilience and dedication.



On the other hand,**Mrs. Kalpana Nepali** is a married woman living with her husband, **Mr. Kushal BK**, and their small family of four (**4**) members. She is officially a permanent resident of **Ward no.3**. In terms of education, she has completed her higher secondary education (**+2**). Though she too comes from a modest economic background, she values education and family responsibilities, striving to support her household alongside her husband.



## 6. Personal Reflection and Impact

I regularly visit the site and speak with **Mr. Khim Bahadur BK** about his experience. Every time, he expresses deep gratitude for the training and the opportunity:

*"I am very thankful for this project. It has made me a skilled person. I also want to thank you for believing in my potential. You made me feel that I deserved this opportunity. Now I am a skilled laborer and I look forward to continuing this work in the future."*

Hearing this as the **WASH Technician** gives me immense satisfaction. It confirms that our efforts are not only constructing infrastructure, but also empowering individuals and transforming lives.

## 7. Completed RVT structures







- RVTno-3 (5 cum)
- RVTno-2 (8 cum)
- RVTno-1 (6 cum)

## 8. Conclusion

The Sanokotkholi DWSP is a successful example of how water infrastructure projects can go beyond physical development and deliver **long-lasting human capital benefits**. Through the VMW training, we have:

- Reduced dependency on external labor
- Fostered local expertise
- Created employment opportunities
- Strengthened sustainability and community ownership

As the **WASH Technician** of this project, I take pride in contributing to a model that **blends engineering with empowerment**. This case highlights that when we believe in our local people, invest in their potential, and equip them with skills, they rise to the occasion—and the entire community benefits.

---

**Prepared by:**
**Anish Raj Thapa**
*Water Sanitation and Hygiene (WASH) Technician*
*Municipal Office of Bheri Municapility / SUSWA project*

---

## रेखा बिकको महिनावारी व्यवस्थापनमा मर्यादित पहल

भेरी नगरपालिकाको वडा नं. १ चौर घर भएकी रेखा विकको जीवनमा महिनावारी एक समयमा लाज, डर र अपहेलनाको विषय थियो। समाजमा विद्यमान परम्परागत अस्वस्थ अभ्यास र महिनावारीप्रति गरिने विभेदपूर्ण व्यवहारले उनको आत्मसम्मानमा गहिरो चोट पुऱ्याएको थियो। महिनावारी भएका बेला खुलस्त बोल्नसमेत नपाइने वातावरणमा हुर्किएकी रेखाले सधैं यस विषयलाई मौन स्वीकार्ने बाध्यता महसुस गर्थिन्।

तर, परिवर्तनको सुरुआत भयो—सुस्वा आयोजनाको सहजीकरणमा उनी सहभागी भएपछि, महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी तालिममा सहभागी हुँदा उनले महिनावारीका बारेमा समाजमा व्याप्त भ्रम, लाज र गलत धारणाहरूको जरा समात्न सकिन्। तालिमले उनलाई न केवल व्यक्तिगत सरसफाइ र सुरक्षित व्यवस्थापनका सीपहरू प्रदान गऱ्यो, तर आत्मविश्वाससहित यो विषयमा खुलस्त बोल्न सक्ने आँट पनि दिलायो।



सुस्वा आयोजनावाट उनले पुन: प्रयोग गर्न मिल्ने घरेलु प्याड निर्माण तालिम पनि प्राप्त गरिन् । तालिमपछि उनले आफैं प्याड बनाउने मात्र होइन, आफ्नी छोरीलाई पनि सिकाइन्। अझ महत्वपूर्ण त के भयो भने, उनले आफ्ना छरछिमेकका दिदीबहिनीहरूलाई समेत यो सीप सिकाउन थालिन्। उनको नेतृत्वमा अहिले वडा नं. १ को मैदे र चौर क्षेत्रका महिलाहरूले सामूहिक रूपमा प्याड निर्माण गर्ने सीप सिक्न थालेका छन्, जसले आर्थिक सशक्तिकरणको पनि ढोका खोलिदिएको छ।

रेखा विकले महिनावारीलाई मर्यादित बनाउने अभियानलाई विद्यालयसम्म पनि विस्तार गरिन् । विद्यालयका किशोरीहरूसँग समन्वय गर्दै उनले सचेतना सत्र सञ्चालन गरिन्, जसले गर्दा विद्यालयस्तरमै महिनावारी व्यवस्थापनप्रति सम्मानजनक व्यवहार प्रवर्द्धन हुन थाल्यो।

आज सो गाउँमा महिलाहरू र किशोरीहरू महिनावारीलाई स्वास्थ्य, स्वच्छता र सम्मानको विषयका रूपमा बुझ्न थालेका छन्। उनीहरू पुन: प्रयोग गर्न मिल्ने प्याडको प्रयोग गर्न थालेका छन्, सुरक्षित व्यवस्थापन गरिरहेका छन्, र यस विषयमा नलाज मानी खुलेर कुरा गर्न थालेका छन् ।

रेखा विकको व्यक्तिगत प्रयास, नेतृत्व क्षमता, र सुस्वा कार्यक्रमको सहजीकरणले भेरी नगरपालिका–१ मैदेचौरमा महिनावारी व्यवस्थापनलाई केवल स्वच्छता वा स्वास्थ्यको विषयमा सीमित नराखी सामाजिक रूपान्तरण र महिलाको सशक्तिकरणको बलियो माध्यम बनाएको छ। अब त्यो गाउँमा किशोरी तथा महिलाहरू महिनावारी हुँदा डरको होइन, सम्मानको विषय बनेको छ।

✍ भावना चन्द, वास सहजकर्ता, वास इकाई भेरी नगरपालिका, जाजरकोट

## पूर्ण सरसफाइ तालिम: परिवर्तनको सुरुवात

✍ **सुशिला परियार**

**सामाजिक परचालक, वास इकाई, भेरी नगरपालिका, जाजरकोट**

दल बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

"यो प्रशिक्षण मेरो जीवनकालमा सबैभन्दा राम्रो र सबैभन्दा फलदायी भएको छ । यसअघि मैले जीवनको कुनै पनि अवधिमा यस्तो तालिम लिएको थिइनँ । मैले लिएको ४-दिने पूर्ण सरसफाइ प्रशिक्षक प्रशिक्षण तालिम अत्यन्त जानकारीमूलक, व्यवहारिक र मूल्यवान् रह्यो । यस तालिमले मलाई खानेपानी, सरसफाइ र स्वच्छता अभ्यासका ६ वटा पूर्ण सरसफाइका सूचकलाई मूलमन्त्रको माध्यमवाट समुदायमा सकारात्मक परिवर्तन ल्याउने प्रभावकारी तरिकाबारे गहिरो ज्ञान दिएको छ । प्रशिक्षकको प्रशिक्षण गर्ने उत्प्रेरणात्मक बिधि, तालिमका अन्तरक्रियात्मक सत्रहरू, सहभागीताकमूलक बिधि, ट्रिगर गर्ने विधिहरू, भूमिका खेल, चित्रहरू, केस स्टडी, र समूह छलफलहरूले मलाई विषयवस्तुको गहिराइमा पुगेर बुझ्नमा सहायता गरे । तालिमको हरेक गतिबिधि आकर्षक, सहभागीतामुखी र सम्झन लायक बन्यो ।

यद्यपि तालिमको अवधि छोटो भएतापनि सिकाइको गहिराइ अत्यन्त प्रभावशाली रह्यो । चार दिन कसरी बित्यो पत्तै भएन । मैले आगामी दिनहरूमा यस्तो तालिमको पुनर्ताजगीका रूपमा संचालन गर्न पनि अनुरोध गर्न चाहन्छु । समग्रमा, यो तालिमले मलाई बिद्यालय र समुदाय दुवै क्षेत्रमा पूर्ण सरसफाइ सम्बन्धी सूचकका क्रियाकलापहरूलाई अभ्यास/ब्यवहारमा ल्याउन र जनस्वास्थ्यमा सुधार ल्याउन ठूलो प्रेरणा मिलेको छ । अहिले म आफ्नो ब्यक्तिगत, घरयासी र समग्र सरसफाइ र स्वस्थ व्यवहार प्रवर्द्धन गर्न थप आत्मविश्वास र उत्साहका साथ अगाडि बढ्न सक्षम भएकी छु । यो सुनौलो अवसर प्रदान गर्ने सुस्वा आयोजना र प्रशिक्षकहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु ।"

## **वास मार्ट मार्फत भुपेशले देखेको सपनाः सफलताको कथा**



भुपेश कुमार ज्योति, जाजरकोटको भेरी नगरपालिका वडा नं. ३ का एक सामान्य युवा हुन् । आर्थिक अवस्था जेनतेन चल्ने सम्मको भएपनि एक मध्यम परिवारका सदस्य हुन् । घरको दाजुसँगै बसिरहेका उनले कहिल्यै व्यवसाय गर्न सकिन्छ भन्ने कल्पना गरेका थिएनन् । तर सुस्वा आयोजन अन्तर्गत संचालन गरिएको सरसफाइ बजारीकरण सम्वन्धि अभिमूखिकरणले उनका लागि जीवन परिवर्तन गर्ने मोड बन्यो ।

अभिमूखिकरण पश्चात उनले सरसफाइका सामग्रीहरू सबै एकै ठाउँमा बिक्री गर्ने विचार बनाए । सुरुआतमा अन्योल थियो, न त राम्रो लगानी थियो, न त अनुभव ।  तर पछि उनका दाजुको सल्लाहमा एकदिन भेरी नगरपालिका र सुस्वा आयोजनाको सहजीकरणमा स्थापना गरिएको वासमार्टमा उनले आफूलाई एक WASH उद्यमी को रूपमा अघि बढ्ने सपना देख्न थाले ।

वासमार्टमार्फत उनले स्याटो (Sato) का उत्पादनहरू (शौचालयका प्यान, कमोड, आईट्राप, हात धुने मिनि बेसिन, आदि), साबुन, ब्रस, बाल्टिन, फोहोर छुट्याउने डस्टबिन, महिलामैत्री महिनावारी प्याड, झाडू लगायतका सामग्री बिक्री गर्न थाले । सुरुमा थोरै बिक्री हुन्थ्यो, तर उनले आफ्नो व्यवसायसँगै सरसफाइको महत्त्वबारे समुदायलाई जानकारी दिन थालेपछि माग बढ्दै गयो । उनी भन्छन् सुस्वाको सहयोगमा समुदायमा गरिने सरसफाइ सम्वन्धि अभियानहरूले गर्दा सरसफाइ सामाग्रीहरूको समुदायमा माग वढ्न थालेको छ ।

वास मार्ट स्थापना भएको ४ महिना नपुग्दै भुपेशले मासिकरूपमा १५ देखि २० हजार रुपैयाँसम्म आम्दानी गर्न सफल भइसकेका छन् । उनी भन्छन् "पहिले सरसफाइ भनेको खर्च लाग्ने कुरा लाग्थ्यो, अहिले सरसफाइबाटै आम्दानी हुने रहेछ भन्ने प्रमाण म आफैं बनेको छु । वासमार्टले भुपेश ज्योति जस्ता युवाहरूलाई आत्मनिर्भर मात्र होइन, समुदायको सरसफाई क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने अगुवा बनाएको छ । यो केवल एक सफल व्यापार होइन, सरसफाइको संस्कृति फैलाउने अभियान पनि हो । उनको यो कथावाट अन्य युवाहरूका लागि प्रेरणाको स्रोत बन्नेछ ।

**✍ रबिन्द्र बिक्रम शाही, वास संयोजक, वास इकाई भेरी नगरपालिका, जाजरकोट**

दल बहादुर घर्ती
नि. प्रमुख प्रशासकीय अधिकृत

## ९.३ अनुसूची ३: भिजिबिलिटी




**भेरी नगरपालिका वडा नं.३ को खानेपानी तथा सरसफाइ योजनाको होर्डिङ बोर्ड**




**समुदायमा BCC होर्डिङ बोर्डहरु स्थापना**






**समुदायस्तरमा ब्यवहार परिवर्तन संचार सम्वन्धी सामाग्री प्रदर्शन/बितरण र दिशाजन्य लेदो ब्यवस्थपन सम्वन्धी अभिमूकरण**

## ९.४ अनुसूची ४: जनशक्ति विवरण

**वास इकाईमा कार्यरत जनशक्तिको बिवरण:**

| क्र. स. | जनशक्तिको नाम | पद | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | रबिन्द्र बिक्रम शाही | वास संयोजक | ९८५८०४९०८४ |
| २ | भुवन आचार्य | प्राविधिक सहजकर्ता | ९८६६८१९७९९ |
| ३ | भावना चन्द | वास सहजकर्ता | ९८६४३६६५०८ |
| ४ | मान वहादुर चलाउने | वास प्राविधिक | ९८६४९४१३२६ |
| ५ | अनिश राज थापा | वास प्राविधिक | ९८६८३०७८०४ |
| ६ | भेमसेन रावत | वास प्राविधिक | ९८६८२८४८०८ |

दल बहादुर घर्ती
नि. प्रमुख प्रशासकीय अधिकृत

| क्र. स. | जनशक्तिको नाम | पद | सम्पर्क नम्वर |
|---|---|---|---|
| ७ | सुशिला परियार | सामाजिक परिचालक | ९७६६९४३७१६ |
| ८ | यगुमाया थापा बि. क. | सामाजिक परिचालक | ९८४८३७५०८७ |
| ९ | तुलसिंह अधिकारी | सामाजिक परिचालक | ९८६८९६२३१५ |

## १०. झलकहरू (फोटो र गतिबिधि दृश्यहरू)







वास इकाई र सुस्वा आयोजना इकाईवाट योजना बिद्यालय शौचालन अनुगमन

भेरी नगरपालिका वडा नं.१ घोयलनेटा चौर मैदे नौधारी खानेपानी तथा सरसफाइ योजनामा निर्मित संरचना










भेरी नगरपालिकमा वास मार्ट स्थापना कार्यक्रम






**बिभिन्न दिवस समारोह र बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन**



**भेरी नगरपालिका वडा नं.१ कालेगाउँमा आमा समुहको बैठकमा वास सम्वन्धि अभिमूखिकरण**




**Inline Chlorination unit in DWSS of Ghoyalneta**



**भगवती आधारभुत बिद्यालयमा निमार्ण हुदै गरेको संस्थागत शौचालय**



**भैरव माद्यामिक बिद्यालयमा निमार्ण हुदै गरेको संस्थागत शौचालय**